शौचालयको प्रयोग गरौं,
सङ्क्रमणबाट जोगिऔं
- खुल्ला स्थानमा दिसापिसाब नगरौं ।
- शौचालयमा मात्र दिसापिसाब गरौं ।
- दिसापिसाब गरिसकेपछि साबुनपानीले मिचिमिची हात धोऔं ।
- हत्केला पछाडि, औंलाको बीच, नङलगायत हातका सबै भागमा कम्तीमा २० सेकेन्डसम्म राम्ररी साबुन लगाएर सफा पानीले हात धोऔं ।
- सफा कपडा वा तौलियाले हात पुछौं ।
- जीवाणुलगायतको सङ्क्रमणबाट आफू पनि बचौं, अरूलाई पनि बचाऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

PRATEEK DAILY
# प्रतीक
दैनिक
राष्ट्रिय 'क' वर्ग
eprateekdaily.com


निश्शुल्क प्रतीक दैनिक पढ्न चाहनुहुन्छ भने लग अन गर्नुहोस् ।
eprateekdaily.com

❖ वर्ष ३६ ❖ २०७९ माघ ०५ गते बिहीवार // मृत भस्म नबन्दैमा झिल्को भैकन बल्नुछ // 2023 January 19 Thursday ❖ मूल्य ५/- ❖ पृष्ठ सङ्ख्या ६ ❖ अङ्क १४२

## पर्साका चारवटा पालिकाको कित्ताकाट खुल्दै
## दशवटा पालिकाले अझै जग्गा वर्गीकरण गरेन

प्रस, वीरगंज, ४ माघ/

सात महीनादेखि रोकिएको पर्सा जिल्लाको कित्ताकाट आगामी केही दिनमा शुरू हुने बताइएको छ। भूमिसुधार तथा मालपोत कार्यालय, पर्साका नायब सुब्बा राजेश्वर साहले एकाध दिनमैं कित्ताकाट खोलिने सूचना जारी हुने बताए ।

उनले पर्सा जिल्लाका १४ वटा पालिकामध्ये चारवटा पालिकाले मात्र जग्गा वर्गीकरण गरेर पठाएको र दशवटा पालिकाले अहिलेसम्म तोके अनुसार वर्गीकरण गरेर नपठाएको जानकारी गराएका छन् ।

भूमिसुधार तथा मालपोत कार्यालय, पर्सामा वीरगंज महानगरपालिका, पकाहामैनपुर, पटेर्वासुगौली, सखुवाप्रसौनी गाउँपालिका गरी चारवटा पालिकाले मात्र जग्गाको वर्गीकरण गरेर पठाएका छन् । मालपोत कार्यालय, पर्साका नासु साहले जग्गाको वर्गीकरण गरेका


तस्वीरः फाइल

चारवटा पालिकाको कित्ताकाट आजभोलिमैं खुल्ने बताए । उनले यसका लागि सूचना तयार भइरहेको जानकारी गराए ।

सरकारले देशभरिका पालिकाहरूलाई कृषि, गैरकृषि जग्गाको वर्गीकरण गरेर सिफारिश गर्नको लागि मङ्सिर २३ गतेको समयसीमा तोकेको थियो । जेठ २७ गतेदेखि जग्गाको वर्गीकरण नगरेका पालिकाहरूको कित्ताकाट रोकिएको थियो । पर्सा जिल्लाका १४ वटा पालिकाले पनि सरकारले दिएको समयसीमामा जग्गाको वर्गीकरण गरेर सिफारिश गर्न सकेका थिएनन् ।

जग्गाको कित्ताकाट नहुँदा पर्सावासी समस्यामा परेका थिए । मालपोत तथा भूमिसुधार कार्यालयबाट ससीम जग्गाको मात्र रजिस्ट्रेशन हुँदै आएको थियो भने अरू जग्गाको कित्ताकाट रोकिएको थियो।

## १० हजार मेटन मल आयो, वितरणमा अझै ढिला

नितेश कर्ण, वीरगंज, ४ माघ/

कृषि सामग्री कम्पनी प्रादेशिक कार्यालय, वीरगंजको गोदाममा भारत सरकारसँगको जिटुजी सम्झौता अनुसार १० हजार मेट्रिक टन युरिया मल भण्डारण भएको छ ।

जिटुजी सम्झौता अनुसार पुस १४ गते भारतको कोलकाता बन्दरगाहको गोदाममा ३० हजार मेटन मल भण्डारण भएको थियो । सोमध्येको चार न्याक (१० हजार मेटन) युरिया मल सुक्खा बन्दरगाहमार्फत कम्पनीको गोदाममा भण्डारण भइसकेको सूचना अधिकारी आलोक कुमारले बताए ।


तस्वीरः फाइल/प्रतीक

उनले प्रदेश सरकारले मल वितरणको कोटा निर्धारण गरेर नपठाएकोले वितरण हुन नसकेको जानकारी गराएका छन् । सङ्घ सरकारले वितरणको लागि पत्र पठाए पनि प्रदेश सरकार गठन प्रक्रियामा रहेको र यससम्बन्धी निर्णय नभएकोले वितरणमा ढिला भएको उनले बताए । अहिले कम्पनीमा पर्सा जिल्लाको लागि ९.३ मेटन पोटास, ९७६ मेटन युरिया र ५५५ मेटन डिएपी रहेको प्रवक्ता आलोक कुमारले जानकारी गराए ।

## थुनछेक बहसमैं कलमोद्दीन पौने दुई वर्षदेखि अदालत धाउँदै

प्रस, वीरगंज, ४ माघ/

बहुदरमाई नगरपालिका–२ सिसियाडी बैरियाका कलमोद्दीन अन्सारी पौने दुई वर्षदेखि आफ्नो सबै कामकाज छाडेर छोरीलाई न्याय दिलाउन लागिपरेका छन्। उनलाई यो अभियानमा अदालतको कारबाई महँगो परेको छ ।

कलमोद्दीनकी जेठी छोरी रविना खातुनको गत २०७८/०१/३ मा शङ्कास्पद मृत्यु भएको थियो। वीरगंज महानगर–१७ अलौं बजार निवासी साहजीम मियाँ अन्सारीसँग उनको छोरीको विवाह भएको थियो तर तीन वर्षपछि छोरीको शङ्कास्पद मृत्यु भएको थियो ।

कलमोद्दीनले छोरीको हत्या भएको र सो कार्यमा ज्वाइँ साहजीम मियाँ अन्सारी, निजकी आमा नुरजहाँ खातुन र भाउजू सफिया भन्ने मोफिना खातुन संलग्न रहेको भनेर प्रहरीमा दिएको किटानी उजूरीको आधारमा पर्सा जिल्ला अदालतले २०७८/०३/१३ गते साहजीम मियाँ अन्सारी र सफियालाई पुर्पक्षको लागि थुनामा राख्ने आदेश गरेको थियो भने नुरजहाँलाई रु एक लाख धरौटीमा रिहा गर्ने आदेश गरेको थियो ।


तस्वीरः फाइल

सो निर्णयविरुद्ध साहजीम र सफियाले उच्च अदालतमा रिट दर्ता गरेका थिए । उच्च अदालतले २०७८/३/२४ गते जिल्ला अदालतको आदेश नमिलेको देखिएको भन्दै दुवैजनालाई जनही रु एक/एक लाख धरौटीमा रिहा गऱ्यो । यसको विरुद्ध कलमोद्दीनले २०७८/४/२९ मा सर्वोच्चमा थुनछेकको लागि रिट दर्ता गरेका थिए । सर्वोच्चमा रिट दिएको अहिले डेढ वर्ष बित्दा पनि थुनछेक मुद्दाको पनि टुङ्गो लाग्न सकेको छैन । सर्वोच्चले सबैजसो पेसीमा मुद्दा हेर्न नभ्याएको भन्दै अहिलेसम्म १४ पटक कलमोद्दीनलाई तारेख मात्र दिइरहेको छ ।

कलमोद्दीनकी छोरीको विवाह २०७७/६/२६ गते भएको थियो । मृत्यु भएको अवस्थामा कलमोद्दीनकी छोरी रविना तीन महीनाकी गर्भवती थिइन् । कलमोद्दीनले मृत्यु हुनु तीन दिनअघि छोरीको घरमा गएको र ज्वाइँलाई सम्झाइबुझाइ गरेको बताए । घरमा गएर ज्वाइँलाई सम्झाएको तीन दिनपछि छोरी मृत अवस्थामा भेटिएको हुँदा निजको हत्या भएको भनी उनी कसूरवारलाई सजाय दिलाउन अदालत र प्रेसको ढोका ढकढकाइरहेका छन् ।

प्रहरी प्रतिवेदनमा रविना मृत अवस्थामा फेला परेको जनाइएको छ । तर शल्यपरीक्षण रिपोर्टमा भने निजको मृत्यु पासो लगाएर भएको देखाइएको छ। प्रहरी मुचुल्का र शल्यपरीक्षण रिपोर्ट मेल नखाएकाले कलमोद्दीन अहिलेसम्म छोरीको हत्या भएको भन्दै न्यायको लागि अदालतको शरणमा छन्। थुनछेक बहसमैं पौने दुई वर्ष बित्दा कलमोद्दीनको दुई लाख रुपैयाँभन्दा बढी खर्च भइसकेको छ। उनले तीन छोरी, एक छोरा, आमा, पत्नीलाई हेर्नुपर्ने जिम्मेवारी छ । पेशाले

(बाँकी अन्तिम पातामा)

## प्रहरीले प्रक्रियागत त्रुटि गरेको ट्रान्सपोर्ट एशोसिएशनको आरोप

नितेश कर्ण, वीरगंज, ४ माघ/

पाथिभरा ट्रान्सपोर्टको गोदाममा बिलबीजक थियो, सोसमेत राजस्व अनुसन्धान पठाएकोमा आपत्ति प्रकट मालसामान भए/नभएको अनुसन्धान गर्न नसकिएको र गोदाममा भएको सामान


अनुसन्धान अधिकृत प्रकाश कुमार, एशोसिएशनका अध्यक्ष बालकृष्ण पोखरेल र ट्रान्सपोर्ट सञ्चालक राजेश मल्लिक ।

प्रहरीले सिल लगाएर त्यहाँ रहेको सामानलाई अवैध बताउँदै राजस्व अनुसन्धान कार्यालयमा चलान गरेपछि ट्रान्सपोर्ट एशोसिएशनले आपत्ति जनाएको छ ।

एशोसिएशन, पर्साका अध्यक्ष बालकृष्ण पोखरेलले प्रहरीले अवैध कारोबार नियन्त्रण गर्नु राम्रो पक्ष भएपनि प्रक्रियागत त्रुटि गरेकोले प्रहरीमाथि आक्षेप लागेको बताए । उनले माघ १ गते राति १ बजे प्रहरीले ट्रान्सपोर्टमा लोड भइरहेको ट्रकबाट सामान झारेर गोदाममा बिलबीजक अनुसार चेकजाँच गरेको र पछि गोदाम सिल गरेकोमा आपत्ति व्यक्त गरे । उनले गोदाम सिल गर्दा प्रहरीले प्रक्रिया पूरा नगरेको बताए ।

जिल्ला प्रशासन कार्यालय, वाणिज्य कार्यालय, उद्योग वाणिज्य सङ्घ, स्थानीय जनप्रतिनिधि आदिको रोहबरमा सिल गर्नुपर्नेमा सो नगरिएको र सिल खोल्दा पनि प्रहरी एक्लैले खोलेको भन्दै प्रक्रियागत त्रुटि रहेको बताए । ट्रान्सपोर्ट सञ्चालक राजेश मल्लिकले प्रहरीले गोदाममा नेपालमा उत्पादित वस्तुहरू र केही मात्र भारतीय वस्तु जसको गरे । उनले प्रहरीको यो कार्य दुःख दिने मात्र भएको आरोप लगाए । आफ्नो गोदाममा रहेका सामानहरू विभिन्न


पाथिभरा ट्रान्सपोर्ट । तस्वीरः प्रतीक

पार्टीको रहेको र उनीहरूले बिल, भन्सार प्रज्ञापन सबै दिएको र प्रहरीले सोको अनुसन्धान नगरी पठाएको बताए ।

राजस्व अनुसन्धान कार्यालय, पथलैयाका अनुसन्धान अधिकृत प्रकाश कुमारले व्यापारीको गोदाममा छापा मार्दैमा डराउनुनपर्ने बताए । उनले समय अभावले गोदाममा बिलबीजक अनुसारको र बिलबीजक लिएर कार्यालयमा अनुसन्धान गर्ने बताए । बिहान, बेलुकी, राति कुनै पनि बेला सूचना पाएको खण्डमा राजस्व नियन्त्रणको लागि आफूले कदम चाल्न सक्ने र त्यसमा असल कार्य गर्ने व्यक्ति डराउनुनपर्ने बताए ।

वीरगंज–१० आदर्शनगरस्थित पाथिभरा ट्रान्सपोर्टमा माघ १ गते आइतवार राति वडा प्रहरी कार्यालय, बिर्ताको टोलीले छापा मारी गोदाम सिल गरेको थियो । सिल गोदामलाई माघ ३ गते दिउँसो खोलिएको र त्यहाँ रहेका सामानलाई राजस्व अनुसन्धान कार्यालय, पथलैया पठाइएको थियो । यो घटनालाई लिएर बुधवार नेपाल ट्रान्सपोर्ट एशोसिएशनले गृहमन्त्री रवि लामिछानेको ध्यानाकर्षण गराएको छ ।

पर्सा प्रहरीले बिलबीजक भएका सामानसहित ट्रक नियन्त्रणमा लिने, राजस्व अनुसन्धानमा पठाउने र गोदाममा अनधिकृतरूपले छापामारी गर्ने र बिलबिजक भएका सामानको हकमा पनि राजस्व अनुसन्धानमा पठाएर दुःख दिने गरेको गुनासो एशोसिएशनले गरेको छ।

## साढे २२ लाखसहित दुईजना पक्राउ

प्रस, वीरगंज, ४ माघ/

जिल्ला प्रहरी कार्यालय, पर्साले स्रोत नखुलेको साढे २२ लाख रुपैयाँसहित दुईजना युवकलाई पक्राउ गरेको छ ।

जिप्रका, पर्साका प्रवक्ता एवं प्रहरी नायब उपरीक्षक दीपक गिरीले माघ ३ गते दिउँसो २:३० बजे अस्थायी प्रहरी पोस्ट घण्टाघरको टोलीले भारतीय नम्बरको स्कूटी चेकजाँच गर्दा स्कूटीको पछाडि बसेका युवकले बोकेको झोलाबाट नेरु हजार, पाँच सय र सयका गरी २२ लाख ५० हजार रुपैयाँ बरामद भएको र सोको स्रोत खुलाउन नसक्दा निजहरूलाई पक्राउ गरिएको बताए ।

पक्राउ पर्नेमा वीरगंज–१६ नगवाका ३४ वर्षीय विकाश साह र वडा नं १८ इनर्वा मनियारीका सुभाषकुमार साह रहेका छन्। उनीहरूलाई बैंक तथा वित्तीय संस्थासम्बन्धी ऐन २०७३ बमोजिमको कसूरमा अनुसन्धान भइरहेको प्रवक्ता गिरीले बताए ।



तस्वीर सौजन्यः जिप्रका, पर्सा

## वाणिज्य बैंकको वार्षिकोत्सवमा रक्तदान

प्रस, वीरगंज, ४ माघ/

राष्ट्रिय वाणिज्य बैंक, मधेस प्रदेश कार्यालय, वीरगंजले आयोजना गरेको रक्तदान कार्यक्रममा ४१ जनाले रक्तदान गरेका छन् ।

बुधवार प्रदेश कार्यालय वीरगंजको ५८औं वार्षिकोत्सवको अवसरमा आयोजित रक्तदान कार्यक्रममा सर्वसाधारण र बैंकका कर्मचारीले रक्तदान गरेको प्रदेश कार्यालयका प्रमुख कमलेश ठाकुरले बताए ।



### विचारसार एवं सूक्तिहरू

**व्यवहार त्यो सिंढी हो जसको माध्यमले तपाईं कसैको मनसम्म पुग्न सक्नुहुन्छ र मनबाट झर्न पनि सक्नुहुन्छ ।**


प्रकाशक : प्रतीक प्रकाशन समूह प्रा. लि. , वीरगंज-११
प्रधान सम्पादक : जगदीशप्रसाद शर्मा
प्रबन्ध सम्पादक : विकाश शर्मा
सम्पादक : शत्रुघ्न नेपाल/ खड्गबहादुर श्रेष्ठ (प्रताप)
समाचार सम्पादक : आर. के. पटेल
बारा विशेष प्रतिनिधि : गम्भीरा सहनी
मुद्रक: प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति टोल, श्रीपुर, वीरगंज-१४ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५
email: prateekdaily@gmail.com
Website: www.eprateekdaily.com


# महानगरको सकस

**नयाँ पद धारण गरेपछि जसले पनि राम्रो, उत्साहपूर्ण, जनहितकारी काम गरूँ भन्ने सोच्दछ । बाठाहरूले यसरी विश्वास जमाएर पछि बहाना बनाउने अवसर खोजेका हुन्छन्। तर जो यथार्थवादी छ, जो सधैं र निरन्तर असल काम गर्न चाहन्छ, जुनसुकै कारणले पनि काममा ढिलाइ हुँदा उसको जाँगर मर्छ। वीरगंज महानगरपालिकामा अहिले त्यस्तै अवस्था छरपस्टिएको छ । वर्षौंदेखि भग्न र भयावह मूल सडकमा सवारीसाधन कुदाइरहेका नागरिकलाई, अनौचित्य कानूनको पर्खाल तोडी सुन्दर बाटो दिने मेयरले अख्तियार धाउनुपर्‍यो। जनताले नाङ्गो आँखाले देखेको माईराम पोखरीको जग्गा अतिक्रमणविरुद्ध कारबाईको पहलमा पनि त्यस्तै कानूनी अड्चन आइलाग्यो । काम गर्दा साथ र सहयोग होइन, विभिन्न अड्चन पैदा गर्ने र काम गर्ने व्यक्तिलाई हतोत्साहित पारी आलोचना गर्ने एउटा नराम्रो संस्कार नेपालीमा बस्दै गएको देखिन्छ । कुरा नयाँ मेयरको मात्र होइन, विगतमा पनि काम गर्ने चाहना राख्ने व्यक्तिहरूले यसैगरी आलोचना र असहयोग खेप्नुपरेको थियो ।**

**विश्वमा, सभ्य मुलुकहरूमा सार्वजनिक सम्पत्तिलाई ठूलो सम्मान दिइन्छ। बरु व्यक्तिको थोरबहुत नोक्सान होस्, सार्वजनिक सम्पत्तिको थोरै पनि नोक्सानी; न सरकार, न जनता कसैलाई सह्य हुँदैन। नेपालमा भने सार्वजनिक सम्पत्ति सम्पूर्ण मासियोस्, व्यक्तिलाई थोरै हानि नपुगोस् भन्ने सोच हाबी रहेको पाइन्छ। यसको पछाडिको मनोविज्ञान यतिमात्र हो कि सबैले सार्वजनिक सम्पत्ति उपभोग गरिरहेका छन् वा आँखा गाडेका छन् । त्यसैले एकातिर सार्वजनिक सम्पत्ति–चौर, पोखरी, धर्मशाला इत्यादिको उपभोग परापूर्वकालदेखि सबैले गरिरहेका छन् भने त्यो सार्वजनिक सम्पत्ति मान्ने चलन पहिले थियो । तर त्यसै कालमा यस्ता सम्पत्तिमा व्यक्तिहरूले अधिकार जमाए र आज शहरमा न कतै गतिलो खुला ठाउँ छ, भएका पोखरीहरू मानिसले नै मासेर बिक्री गर्ने, भवन खडा गर्ने परिपाटी चलेको छ भने भग्न धर्मशालाहरू व्यक्तिगत प्रयोजनमा ल्याउने चलखेल उधुम बढेको छ । यस्ता कृत्यले बिग्रने शहर हो, दुःख पाउने नगरवासीले हो । तर यस्ता काममा नगरवासी मूकदर्शक बन्नेबाहेक आजसम्म सार्थक पहल देखाउन अघि सरेको पाइएको छैन ।**

**कुरा वीरगंज, वीरगंजवासी वा वीरगंज महानगरपालिकाका जनप्रतिनिधिहरूको मात्र होइन, देशभर सार्वजनिक सम्पत्तिमाथि जुन प्रकारले प्रहार भइरहेको छ, त्यो सभ्य समाजका लागि लाजमर्दो कुरा हो । नदी दोहन हुन्छ, जङ्गल पातलिंदै जान्छ, ऐतिहासिक धरोहरहरू नाशिंदै जान्छन्, मठ–मन्दिरका ईँट र काठले व्यक्तिहरूका भवन ठडिन्छन्, कोही चुइँक्क बोल्दैन। जनताको करबाट भइरहेका विकास निर्माणका काम समयमा पूरा नहुँदा लागतभन्दा दोब्बर–तेब्बर खर्च भइसकेको हुन्छ, काम पूरा हुँदैन। यस्तोमा न कोही अदालत जान्छ, न अदालतले सार्वजनिक दायित्वमा आफ्नो पहल देखाउँछ। तर सार्वजनिक सम्पत्तिविरुद्ध व्यक्ति अदालत पुग्दछ भने न्यायको दोहाइ दिएर तत्परतापूर्वक सुनवाइ हुन्छ। बेलैमा काम नगर्ने अधिकांश ठेकेदार अदालतबाट [redacted] अपराधीले सय खून गर्दा केही [redacted] समात्यो भने मानव अधिकार [redacted] शहर–नगर–गाउँ, तालतलैया, [redacted] कोही बोल्दैन, सफाइका लागि [redacted] पक्ष लिन राजनीतिक दलहरू [redacted] साथ प्रस्तुत हुन्छन् ।**

# अब काम देखाउने पालो

स्वतन्त्र विचार



सञ्जय साह मित्र
mitrasanjay41@gmail.com

**सरकार गठनले करीब पूर्णता पाएलगत्तै, सरकारको परीक्षाको वास्तविक दिन शुरू भएको छ । सबैले के मानेका छन् भने कम्तीमा दुई वर्ष उदाहरणीय काम हुन सक्ला । यसको उदाहरण सय दिनमा देखिएला । एक सय दिन पुगेको दिन फेरि एकचोटि सरकार र मन्त्रीहरूको मूल्याङ्कन हुनेछ ।**

अब सरकार गठनले करीबकरीब पूर्णता पाएको छ। सामान्य अनुमानलाई आधार दिने हो भने अझै दुईजना मन्त्री वा राज्यमन्त्रीको ठाउँ खाली छ। जसपा वा लोसपा वा नाउपालाई यदि सरकारमा जाने वातावरण बन्यो भने सम्झौता अनुसार मन्त्री वा राज्यमन्त्री पद दिइएला।

संसद्मा सबैभन्दा ठूलो दल नेपाली काङ्ग्रेस रहे पनि सरकारमा सबैभन्दा ठूलो दल नेकपा एमाले भएको छ। देउवा सरकारको पालामा संसद्मा सबैभन्दा ठूलो दल नेकपा एमाले सरकारबाहिर रहेजस्तै प्रचण्ड सरकारको पालामा पनि संसद्मा सबैभन्दा ठूलो दल नेपाली काङ्ग्रेस सरकार बाहिर छ। सरकार बनाउन राजनीतिक दलहरूको समीकरणले गर्दा यसो हुन पुगेको हो।

मङ्गलवारको दिन मन्त्रीहरूको शपथ र कार्यभारसँगै प्रचण्ड सरकारको टिम तयार भएको छ। सरकारमा सहभागी दलहरूमध्ये केही दल बिल्कुलै नयाँ भएजस्तै मन्त्रीहरू पनि बिल्कुलै नयाँ देखिएका छन्। अहिले नियुक्त तेइसजना मन्त्रीमध्ये सोऱ्हजना नयाँ छन्। पुराना केही मात्र छन्। दुईतिहाई मन्त्री नयाँ हुँदा नयाँ किसिमले काम हुने भन्ने आशा सर्वसाधारणमा पलाएको छ। सरकारलाई बुझ्नेहरूमध्ये केहीले निकै धेरै आशा पनि गरेका छन् किनभने अहिले काम गर्ने हुटहुटी भएकाहरू सरकारमा पुगेका छन्।

कतिपय मन्त्री त आफ्नो क्षेत्रमा राम्रो नाम कमाएका पनि छन्। अहिले शिक्षामन्त्री बनेका शिशिर ढकाललाई शिक्षा क्षेत्रका कतिपय विज्ञले निस्स्वार्थ शिक्षासेवीको संज्ञा दिने गरेका छन्। देशको शिक्षाको अवस्था राम्ररी बुझेका र शैक्षिक समस्या समाधान गर्ने उपाय खोजी गरेका, समाधान गर्ने प्रयास गरेका का व्यक्ति हुन्। शिक्षा क्षेत्रमा केही गर्न सक्ने खुबी भएका व्यक्ति नै मन्त्री भएपछि शिक्षाको क्षेत्रमा असल कामको शुरूआत हुने कुरामा आशावादी हुनु स्वाभाविक हो।

डा. तोसिमा कार्की त उम्मेदवार हुँदादेखि नै चर्चामा छिन्। डा. कार्की स्वास्थ्यकर्मी हुन्। उनी पनि निश्शुल्क स्वास्थ्य अभियान लिएर गाउँगाउँ डुलेकी व्यक्ति हुन्। उनीसित मेरो भेट एउटा स्वास्थ्य शिविरको सन्दर्भमा रौतहटको कुनै गाउँमा भएको थियो। कम बोल्ने तर सेवा गर्नमा रुचि लिने डा. कार्कीलाई स्वास्थ्य क्षेत्रको समस्या पनि राम्ररी थाहा छ। चिकित्सक भएको र चिकित्सा क्षेत्रको समस्या बुझेको कारण अब स्वास्थ्य क्षेत्रको समस्या धेरै हदसम्म समाधान हुने विश्वास लिइएको छ। यद्यपि उनी स्वास्थ्य राज्यमन्त्री हुन् तर पनि के विश्वास छ भने उनले स्वास्थ्य क्षेत्रमा उदाहरणीय काम गर्नेछिन्।

राजनीतिक क्षेत्रमा स्थापित हुन सफल ज्वालाकुमारी साह कानू कृषिमन्त्री बनेकी छन्। हुनत उनको यो दोस्रो कार्यकाल हो। उनको कृषि मन्त्रालयमा पहिलो कार्यकाल आलङ्कारिक थियो। आलङ्कारिक यस अर्थमा कि उनले निकै कम दिन काम गर्न पाइन्। कृषिलाई राम्ररी बुझेको व्यक्तित्व यस कारण मानिन्छिन् कि उनको रहाइबसाइको क्षेत्र नितान्त कृषि परिवेश हो। बारा जिल्लाकी सङ्घर्षशील महिला हुन्। पहिलेदेखि नै केही गरेर देखाउने चाहना उनमा छ। उनको लोकप्रियता प्रदेशमा निकै छ। पार्टीको जिम्मेवार पदमा हुनु तथा मतदाताको विश्वास आर्जन गर्न सक्नु नै उनीप्रति विश्वासको आधार हो। अब यही आधारमा देशको कृषि क्षेत्रमा केही सकारात्मक काम हुने विश्वास सर्वसाधारणले गरेका छन्। मुख्यगरी बारा, पर्सा र रौतहटमा अलग किसिमको उत्साह देखिएको छ।

आशा र चर्चाको केन्द्रमा अहिले देशका गृहमन्त्री छन्। गृहमन्त्रीप्रति विश्वासका दुई आधार यत्तिकै स्पष्ट छन्। राजनीतिमा होमिएको निकै कम समयमा उनको दललाई जनताले राम्ररी विश्वास गरेको छ। यही विश्वासको आधारमा उनको दलले सम्मान पाएको हो। यही विश्वासको आधारमा उनी उपप्रधानमन्त्री बनेका छन् र साथै गृहमन्त्री पनि। अब उनीबाट धेरै राम्रा काम सम्भव होला भन्ने आशा र विश्वास सर्वसाधारणमा पलाएको छ। एकैपटक उपप्रधान तथा गृहमन्त्री भएका र काम गर्ने हुटहुटी भएका व्यक्ति हुनुले मात्र होइन, पत्रकारितामा हुँदा नै आफ्नो कामले अलग पहिचान बनाउन सफल हुनुले विश्वास गर्ने आधार बनेको हो।

देशका प्रधानमन्त्री स्वयं केही गर्न खोज्ने व्यक्ति हुन्। देशमा भएका सबै राजनैतिक क्रान्तिमा नौलो आयाम थपेर लैजाने तथा देशको राजनैतिक इतिहासलाई नयाँ मोड दिने प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले आफ्नो नेतृत्वमा पूर्ण बहुमत ल्याउन सकेनन् तर समयले अहिले संसद्को करीब सम्पूर्ण विश्वास आर्जन गरेको प्रधानमन्त्री बन्न पुगेका छन्। यस दुर्लभ समय र मन्त्रीहरूको साथले उनले देशमा आफूले चाहेका परिवर्तनका लागि केही यस्ता काम त अवश्य गर्नेछन् जसले नागरिकलाई परिवर्तनको अनुभूति होस्। निरन्तर राजनीतिको केन्द्रमा रहेका प्रधानमन्त्री प्रचण्डप्रति सबै क्षेत्रको आशा पलाउनुका पछाडि कठिन परिवेश र परिस्थितिमा पनि संयमतापूर्वक काम गरेर देखाउने र देशमा केही गर्न सकिन्छ भनेर निम्न वर्गमा आस जगाउने पृष्ठभूमिले गर्दा हो।

विभिन्न दलले पठाएका व्यक्ति नै मन्त्री छन् तर अहिले एउटा राम्रो संयोग यो पनि देखिएको छ कि महिलाको उपस्थिति पनि सम्मानजनक छ। चार महत्त्वपूर्ण मन्त्रालयसहित छजना महिला मन्त्री बनेका छन्। सञ्चारमन्त्री रेखा शर्मा, परराष्ट्रमन्त्री विमलाकुमारी राई, कृषिमन्त्री ज्वालाकुमारी साह र महिलामन्त्री भगवती चौधरी छन् भने संस्कृति राज्यमन्त्री सुशीला सिर्पाली ठकुरी र स्वास्थ्य राज्यमन्त्री डा. तोसिमा कार्की छिन्। साधारण महिलाको लागि प्रेरणाको स्रोत बन्ने आधारहरू यी महिला मन्त्रीहरूमा छ तर अब काम गरेर देखाउने र आफ्नो क्षमता तथा दक्षतालाई व्यवहारमा प्रमाणित गरेर देखाउने समय आएको छ।

सरकार गठनले करीब पूर्णता पाएलगत्तै, सरकारको परीक्षाको वास्तविक दिन शुरू भएको छ। सबैले के मानेका छन् भने कम्तीमा दुई वर्ष उदाहरणीय काम हुन सक्ला। यसको उदाहरण सय दिनमा देखिएला। एक सय दिन पुगेको दिन फेरि एकचोटि सरकार र मन्त्रीहरूको मूल्याङ्कन हुनेछ। सरकारमा सहभागी मन्त्रीहरूले एक सय दिनमा आफ्नो रिपोर्ट कार्ड सार्वजनिक गर्दा नागरिकले मूल्याङ्कन गर्नेछ।

राजनैतिक विवाद र खिचातानी आफ्नो ठाउँमा भइरहन्छ। आलोचना पनि पर्याप्त हुनेछ। तर देशलाई चाहिएको सबल सरकार हो। अहिलेको सरकारले सबलता देखाउनुपर्ने आवश्यकता छ। देशको अर्थतन्त्रमा सकारात्मक प्रभाव ल्याउनु छ र देशलाई आर्थिक जोखिमबाट मुक्त गराउनु छ। देशले चाहेको विकास हो र देशप्रति अन्तराष्ट्रिय समुदायको विश्वास हो। देशमा शान्ति र विकास भएमा सबै आलोचकको मुख थुनिन्छ। यद्यपि देशको विकास भन्नु जति सजिलो छ, गरिहाल्न सजिलो छैन। तर पनि सर्वसाधारणमा आशा पलाउने काम हुनु जरूरी छ। नागरिकले सेवा र सुविधा पाऊन्। दलहरूले गरेका प्रतिबद्धता पूरा होस् तथा नयाँ परिवेश र परिस्थितिमा देशलाई कुनै नोक्सानी नहोस्। आम नागरिकले खोजेको देशको हित हो र देशको हितलाई केन्द्रमा राखेर काम गर्ने पालो अब सरकारमा आएको छ। अबको समयमा नागरिकलाई कुनै बहाना सुनाउनु भनेको उनमा निराशा भर्नु हो। सर्वसाधारण नागरिक वर्तमान सरकारप्रति निकै आशावादी नजरले हेरिरहेको छ।

# आठ विकास बैंक र चार वित्त कम्पनीलाई राष्ट्र बैंकको कारबाई

काठमाडौं, ४ माघ/रासस

नेपाल राष्ट्र बैंकले आठवटा विकास बैंक र चारवटा वित्त कम्पनीलाई कारबाई गरेको छ।

राष्ट्र बैंकले कार्यान्वयनमा ल्याएका कानूनी व्यवस्था, मौद्रिक नीति तथा निर्देशनका व्यवस्था उल्लङ्घन गरेको भेटिएपछि एक दर्जन संस्थालाई आर्थिक जरिवाना गरिएको हो।

राष्ट्र बैंकले बुधवार एक सूचना जारी गर्दै चालू आर्थिक वर्ष २०७९/८० को पहिलो त्रैमासिक अवधिमा भएको सुपरीवेक्षणाका आधारमा कारबाई गरिएको जनाएको छ। कारबाईमा परेका विकास बैंक र वित्त कम्पनीलाई हर्जाना तिराइएको छ। राष्ट्र बैंकका अनुसार कर्णाली डेभलपमेन्ट बैंकलाई विपन्न वर्ग कर्जा नपुऱ्याउँदा एकपटक र अनिवार्य मौज्दात कायम गर्न नसक्दा दुईपटकसम्म हर्जाना तोकिएको छ।

कर्णाली डेभलपमेन्ट बैंकले विपन्न वर्ग कर्जा नपुऱ्याउँदा रु एक लाख ५२ हजार ९२९ बराबर हर्जाना तोकिएको छ भने अनिवार्य मौज्दात कायम गर्न नसक्दा पहिलोपटक रु ७०६ र दोस्रोपटक रु ३२ हजार ९६९ बराबर जरिवाना गरिएको छ। त्यस्तै, सालपा विकास बैंकले पनि अनिवार्य मौज्दात कायम गर्न नसक्दा जरिवाना तिर्नुपरेको छ।

राष्ट्र बैंकका अनुसार तोकिएको कर्जा–निक्षेप अनुपात (सिडी रेसियो) कायम नगर्ने कर्पोरेट डेभलपमेन्ट बैंक लिमिटेड, सिन्धु विकास बैंक लिमिटेड, नारायणी डेभलपमेन्ट बैंक लिमिटेड र सप्तकोशी डेभलपमेन्ट बैंकलाई हर्जाना तिराइएको हो। यी चार विकास बैंकले गत साउन र भदौ महीनामा तोकिएको सिडी रेसियो कायम नगरेका कारण दुई महीनाको हर्जाना तिराइएको राष्ट्र बैंकले जनाएको छ।

कर्पोरेट डेभलपमेन्ट बैंकलाई साउनमा रु २० लाख १३ हजार र भदौमा

(बाँकी अन्तिम पातामा)




तस्वीरः फाइल

## सीता पटेलको आरोपमा सत्यता छैन

सम्पादकलाई चिट्ठी

प्रतीक दैनिकको पुस ३० गते शनिवार 'पतिको आक्रमणबाट पत्नी गम्भीर घाइते' शीर्षक समाचारप्रति मेरो गम्भीर ध्यानाकर्षण भएको छ। सो घटनामा घाइते भनिएकी सीता पटेललाई मसमेतको सहभागितामा कुटपिट गरेर घाइते बनाएको आरोप सरासर गलत हो। घटनाबारेमा केही तथ्यहरू राख्न चाहन्छु।

सीता पटेल भन्ने कविता कुमारीसँग पछिल्लोपटक मसँग विवाह भएको र अहिले निजविरुद्ध पारपाचुकेलगायतका मुद्दाहरू पर्सा जिल्ला अदालतमा विचाराधीन छन्।

अंशदर्ता, घरेलु हिंसा, जालसाजीलगायतका मुद्दाहरू अदालतमा विचाराधीन रहेको र निजले प्राप्त गरेको नेपाली नागरिकताविरुद्ध मैले अदालतमा दिएको रिटमा पर्सा जिल्ला अदालतले ४५ हजार रुपैयाँ धरौटी माग गरेको र सोविरुद्ध उच्च अदालतमा दिएको रिटमा सो अदालतले पुस २८ गते पर्सा जिल्ला अदालतको धरौटी लिएर रिहा गर्ने २०७८/५/८ को निर्णय बदर गर्दै निजविरुद्ध पक्राउ पुर्जी जारी गरेको र फर्जी पिता ध्रुपप्रसाद पटेलसँग रु एक लाख धरौटी माग गरेको थियो।

यी सबै मुद्दामा मलाई दोषी ठहर गर्न सीता पटेलले कपोलकल्पित घटना गरेर प्रेस तथा प्रहरीलाई गुमराहमा राखेकी हुन्। उनले यस प्रकारका घटना पहिले पनि गरिसकेकी छन्। यसअघि आफूलाई तेजाब प्रहार गरेको भनेर मेरो बुबा जवाहिरप्रसाद गोढ र दाइ रामबाबू साह गोढलाई बारा प्रहरीमार्फत २०७८ चैत ११ गते फसाएकी थिइन् र अहिले उनीहरू वीरगंज कारागारमा छन्।

यो घटनामा पनि उनले आफैंले आफैंलाई प्रताडित गरेकी र ममाथि आरोप लगाएकी हुन्। घटनाबारे मैले वडा प्रहरी कार्यालय, श्रीपुरमा बुझ्दा यस प्रकारको कुनै घटना नभएको त्यहाँका प्रनिले जानकारी गराएकोसमेत अवगत गराउन चाहन्छु।

– उमेश साह गोढ, वीरगंज–११, श्रीपुर

सामाजिक सेवामा समर्पित रिलिफ सोसाइटीको कार्यसमितिलाई चाहिने समय प्रदान गरी सामाजिक सेवामा सहभागी हुनुहोस् । रिलिफ भवन फोनः ९८४५११९४४८

# पाँच वर्षयता बारामा ६० वटा दुःखद मानव हत्याका घटना

## विभिन्न प्रकृतिका इबी, आवेग र योजनाबद्ध ढङ्गले हत्या


गत पुस ८ गते बाराको महागढीमाई नपा–२ स्थित भूतहीखोलानजीकै एक पुरुषलाई गोली हानी हत्या गरिएपछि शवबाट निकालिएको गोली


बारामा पाँच वर्षअघि हत्या गरिएका दुई बालक




गत असोजमा प्रसौनी गापा–५ बारानजीकै पतिद्वारा पत्नी र छोराछोरीको हत्या। तस्वीरः प्रतीक

प्रस, निजगढ, ४ माघ/

जिल्ला प्रहरी कार्यालय, बाराको पाँच वर्षयताको मानव हत्या घटनासम्बन्धी अपराधको तथ्याङ्क हेर्ने हो भने डरलाग्दो छ । २०७५/७६ मा २३ वटा हत्या घटनाका मुद्दा जिल्ला प्रहरी कार्यालयमा दर्ता थियो। जसमा २५ जनालाई पक्राउ गरी अनुसन्धान गरी कानूनी कारबाही अघि बढाइसकेको छ भने २१ जना फरार सूचीमा छन् ।

२०७६/७७ मा पाँचवटा, २०७७/७८ मा १२ वटा, २०७८/७९ मा ११ वटा र २०७९/८० को पुस मसान्तसम्ममा नौवटा गरी कुल ६० वटा मानव हत्या घटनाका मुद्दा दर्ता छन् । जसमा ८९ जना अभियुक्त पक्राउ परेका छन् भने ६६ जना फरार सूचीमा छन् ।

२०७७ फागुन २४ गते राति निजगढ नगरपालिका–९ बुद्धचोकनजीकैको घरमा सुतिरहेका १९ वर्षीय रोहित शर्मालाई घाँटीमा चक्कु प्रहार गरी हत्या गरियो। प्रहरीले घटना भएको चार घण्टा नबित्दै रौतहट, चन्द्रपुर नगरपालिका–४ का २९ वर्षीय अरुणकुमार साहलाई पक्राउ गरी अनुसन्धान गर्‍यो। लागूऔषध सेवन गर्ने क्रममा विवाद भइरहने हुँदा योजनाबद्ध ढङ्गले सुतिरहेको अवस्थामा हत्या गरेको प्रहरीसमक्ष अभियुक्तले स्वीकारेका थिए।

२०७९ भदौ १६ गते महागढीमाई नगरपालिका–३ गंजभवानीपुरस्थित घरमा २५ वर्षीय शहनाज खातुनको शङ्कास्पद मृत्यु भयो । प्रहरी अनुसन्धानबाट उनको कुटपिटबाट हत्या गरिएको रहस्य खुल्यो। घटनामा संलग्न निजका पति २७ वर्षीय सैमोद्दीन अन्सारी र भाउजू अप्सना खातुन रहेको रहस्य खुलेपछि प्रहरीले उनीहरूलाई पक्राउ गरी कानूनी कारबाही अघि बढायो ।

२०७९ भदौ ३० गते साँझ कलैया उपमहानगरपालिका–३ रङ्गपुरमा सौतेनी आमा तेतरीदेवीलाई घरायसी सामान्य विवादमा घाँटीमा खुकुरी प्रहार गरी घटनास्थलमा नै हत्या गरियो। घटनामा संलग्न २५ वर्षीय जयकिशोर यादवलाई प्रहरीले नियन्त्रणमा लिई आवश्यक कानूनी कारबाही गर्‍यो ।

२०७९ असोज २७ गते बाराको प्रसौनी गाउँपालिका–५ प्रस्टोका गाउँभन्दा करीब दुई किलोमिटर उत्तरस्थित ढोराखोला किनारमा सोही ठाउँ निवासी २५ वर्षीया सुजता चौधरी, निजका १६ महीनाका छोरा राजवीर चौधरी र तीन वर्षीया छोरी ताहिरा चौधरीको घाँटी रेटी हत्या गरिएको अवस्थामा शव भेटिए ।

मृतक सुजताका ३१ वर्षीय पति दीपेन्द्र चौधरीलाई सोही दिन प्रहरीले पक्राउ गरी अनुसन्धान गर्दा निजले हत्या गरेको स्वीकारेका थिए ।

यसैगरी, कोल्हवी नपा–११ रामपूर्वा टोलका ४३ वर्षीय परीक्षण चौधरीलाई हत्या गरी छिमेकीको गोठपछाडि खाल्डो खनी पुरिएको अवस्थामा प्रहरीले शव बरामद गर्‍यो । मृतक चौधरीले मादक पदार्थ सेवन गरी एक बालकलाई अप्राकृतिक मैथुन गर्न खोज्दा सिसौंको दाउराले प्रहार गरी चौधरीको हत्या गरेको अनुसन्धानबाट खुलेको थियो । पक्राउ परेका बालकले अपराध स्वीकार गरेपछि प्रहरीको न्यायिक नियन्त्रण कक्षमा राख्नको लागि बारा जिल्ला अदालतबाट अनुमति लिने कार्य भइरहेको बारा प्रहरीको अनुसन्धान प्रतिवेदनमा उल्लेख छ ।

यसैगरी, २०७९ पुस ८ गते साँझ महागढीमाई नगरपालिका–२ स्थित भूतहीपुलनजीकैको होटलमा खाजा खाइरहेको अवस्थामा अपरिचित भारतीय नम्बरको मोटरसाइकल चढेर आएका व्यक्तिले भारत बिहार मोतिहारीका ४५ वर्षीय शिवपूजन राय यादवलाई गोली हानी हत्या गरी अपराधीहरू फरार भए। त्यस घटनामा संलग्न भएका भारत बिहार मोतिहारीका ३८ वर्षीय प्रमोद रामलाई पक्राउ गरी अनुसन्धान अघि बढाइएको छ।

२०७० देखि २०७५ सालसम्मको विभिन्न समयमा बारा जिल्लाको सदरमुकाम कलैया र आसपासका बस्तीमा बालबालिकाको अपहरण, हत्या, बलात्कार जस्ता अमानवीय अपराधका घटनाहरू घटे ।

२०७० चैत २७ गते भारतको रक्सौल घर भई कलैया उपमहानगरपालिका–७ स्थित मामाघर बस्दै आएकी छ वर्षीया रिया साह तुरहालाई ललाइफकाइ कलैयाको बरेवास्थित दरबारमा लगी बलात्कारपछि हत्या गरियो । प्रहरीको अनुसन्धानपछि पक्राउ परेका दुई अभियुक्तले मदिरासेवन गरी बालिकालाई चकलेट किनिदिने बहानामा एकान्त दरबारमा लगेर बलात्कार गरी फरार भएका थिए। घरपरिवारले ती बालिका खेल्न गएकी होलिन् भनेर ढुक्क थिए । तर बालिका राति अबेरसम्म घर नफर्केपछि आफन्त र प्रहरीले खोजी गर्दा बालिका रिया अचेत अवस्थामा सोही राति १२ बजे दरबारमा भेटिएकी थिइन्। त्यसको केही समयपछि उनको उपचारको क्रममा मृत्यु भएको थियो ।

२०७१ माघ १२ गते सोमवार राति करीब ८ बजे भारत मोतिहारी जिल्ला माधोपुर करमवा घर भई दुई वर्षदेखि कलैयामा व्यवसाय गर्दै आएका मोतीलाल साह कलवारका चार वर्षीय छोरा आशिषकुमार साहको हत्या भयो। घरमा सुताएर गएको १५ मिनेटपछि घरमा जाँदा आमा रीनादेवीले छोरा देखिनन् । खोजतलाशका क्रममा एक घण्टापछि डेराबाट तीन सय मिटर पूर्व टाँगा स्टेन्डमा बालक आशिषकुमार अचेत अवस्थामा फेला परे । उनको अनुहार, टाउकोमा गम्भीर चोट लागेर रक्ताम्य थिए । अपराधीले निर्ममतापूर्वक टाउकोमा ढुङ्गा प्रहार गरी हत्या गरेको अनुसन्धानबाट खुलेको प्रहरीले जनाएको थियो ।

त्यसैगरी, २०७५ सालमा कलैया उपमहानगरपालिका–२३ कोइरिया टोला निवासी ६५ वर्षीय नन्दलाल राउत कुर्मीको हत्या भयो । सम्पत्ति हडप्ने मनसायले वृद्धको हत्या भएको प्रहरी प्रतिवेदनमा उल्लेख छ।

२०७७ असार २१ गते साँझ घरपरिवारसँग सम्पर्कविहीन बारा निजगढ नगरपालिका–८ का ३७ वर्षीय सानु भनिने लालध्वज लामाको हत्या गरिएको अवस्थामा शव भेटियो । जीतपुरसिमरा उपमहानगरपालिका–२१ अमलेखगंज ससुराली गएका उनको धारिलो हतियारले प्रहार हत्या गरिएको र घटनाको सात दिनपछि असार २८ गते अमलेखगंजस्थित थानीमाई सामुदायिक वन क्षेत्रको सिसौंघारी जङ्गलमा स्थानीय र प्रहरीले खोजतलाशको क्रममा शव फेला पारेका थिए । यो घटनामा संलग्न भएको आरोपमा निजगढका एकजना महिला, दुईजना पुरुष र सर्लाहीका एकजना पुरुषसहित चारजनालाई बारा प्रहरीले अनुसन्धान गरी बारा जिल्ला अदालतमा मुद्दा दायर गरेपछि कारागारमा कैद भुक्तान गरिरहेका छन् ।

छिमेकीको हराएको मोबाइल फोन फिर्ता नगरेको कारण २०७० चैत २४ गते दुवै पक्षबीच चर्काचर्कीपछि कुटपिट हुँदा निजगढ नपा–४ कछडिया टोलकी २८ वर्षीया अपतीकुमारी कुमर गम्भीर घाइते भइन्। निजको उपचारको क्रममा चितवनस्थित अस्पतालमा मृत्यु भयो । घटनामा संलग्नलाई प्रहरीले नियन्त्रणमा लिई कारबाही अघि बढायो ।

यसैगरी, २०७८ चैत ३ गते घरपरिवारबाट सम्पर्कविहीन कलैया उपमहानगरपालिका–७ का सात वर्षीय अमिन अन्सारी र नौ वर्षीय उसमान अन्सारीको शव एक दिनपछि सोही वडास्थित मदर्सा सल्फिया कन्जुल उलुममा फेला पर्‍यो। उनीहरूको धारिलो हतियारले घाँटी रेटिएको अवस्थामा शव बरामद भएको थियो। योजनाबद्ध किसिमले घटना घटाइएकोले तालीमप्राप्त कुकुरको सहायताले संलग्नको पहिचान गर्न बारा प्रहरीले आफ्नो कार्य अघि बढायो ।

समाजमा विभिन्न समुदायको सामूहिक बसोबास हुने भएकोले कहिलेकाहीं समाजमा आपराधिक मनोविज्ञानबाट अपराधका गतिविधि हुने सुरक्षाविज्ञहरूको भनाइ छ । घटना घटाउनुअघिसम्म आपराधिक मनोवृत्ति भएकालाई तत्कालै सुरक्षाकर्मीले चिन्न नसक्ने भएकाले समाज नै सजग एवं सचेत हुनुपर्ने उनीहरू बताउँछन् ।

कतिपय घटनामा सुरक्षाकर्मीहरूले घटनामा संलग्न फरार व्यक्तिलाई तत्कालै नियन्त्रणमा लिन सकिरहेका हुँदैनन् । कहिलेकाहीं अपराधीहरूले खुला सिमानाको फाइदा उठाउँदै यता घटना घटाइ उता लुक्ने र उता घटना गरेपछि यता लुक्ने गरेकाहरूलाई नेपाल र भारतका सुरक्षा अधिकारीको समन्वयमा पक्राउ गरी कानूनी कारबाही गरिएको जिल्ला प्रहरी कार्यालय, बाराका प्रवक्ता एवं प्रहरी नायब उपरीक्षक राजेश थापा बताउँछन् ।



**सखिया नृत्य प्रस्तुत** : सुदूरपश्चिमाञ्चल औद्योगिक व्यापार मेला टीकापुर महोत्सव उद्घाटनका अवसरमा सखिया नृत्य प्रस्तुत गर्दै थारु समुदायका महिला । तस्वीरः रासस

# पोखराबाट थप एक शव ल्याइयो

## त्रिवि अस्पतालमा परीक्षण हुँदै

काठमाडौं, ४ माघ/रासस

यही माघ १ गते आइतवार काठमाडौंबाट पोखरा उडेको यती एयरलाइन्सको नाइन एन–एएनसी–एटिआर–७२–५०० विमान दुर्घटनामा परेर मृत्यु भएकामध्ये थप एकजनाको शव बुधवार काठमाडौं ल्याइएको छ ।


दुर्घटनामा हराइरहेका एकजनाको बुधवार घटनास्थल आसपासको क्षेत्रमा खोजी गर्दै नेपाली सेनाको उद्धार टोली। तस्वीरः रासस

मङ्गलवार नेपाली सेनाको दुई हेलिकप्टरबाट ४८ वटा शव काठमाडौं ल्याइएको थियो। मङ्गलवार फेला परेको एक शव भने आज दिउँसो काठमाडौं ल्याइएको हो। काठमाडौं ल्याइएका शवको आज बिहानदेखि नै त्रिवि शिक्षण अस्पताल महाराजगंजमा परीक्षण भइरहेको छ ।

मङ्गलवार काठमाडौं ल्याइएका शवमध्ये अहिलेसम्म १२ वटा शवको परीक्षण भइसकेको यती एयरलाइन्सले जनाएको छ। दुर्घटनामा मृत्यु भएकामध्ये २२ शवको परीक्षण गरेर पोखरामा नै हस्तान्तरण गरिए पनि बाँकी ४९ शव भने काठमाडौं ल्याइएको थियो ।

काठमाडौं ल्याइएकामध्ये पहिचान खुलेका २१ शवको परीक्षण गरेर भोलि बिहान मृतकका परिवारलाई हस्तान्तरण गरिने एयरलाइन्सले जनाएको छ ।

पहिचान नखुलेका शवको भने डिएनए टेस्ट गरेर मात्र शवपरीक्षण गरी मृतकका परिवारलाई बुझाइनेछ ।

चालक दलका सदस्यसहित जम्मा ७२ जना सवार उक्त विमान दुर्घटनामा ७१ जनाको मृत्यु भइसकेको छ भने बाँकी एकको खोजीकार्य जारी रहेको छ ।

# सभामुख र उपसभामुखको शपथ



महेन्द्रनगर, माघ ४/रासस

मधेस प्रदेशसभाका नवनिर्वाचित सभामुख रामचन्द्र मण्डल र उपसभामुख बबिताकुमारी राउत इशरले पद तथा गोपनीयताको शपथ लिएका छन्। मधेस भवनमा बुधवार उनीहरूलाई प्रदेश प्रमुख हरिशङ्कर मिश्रले पद तथा गोपनीयताको शपथ गराए ।

सभामुख र उपसभामुखको शपथ कार्यक्रममा मधेस प्रदेशका मुख्यमन्त्री सरोजकुमार यादव, विनाविभागीयमन्त्री सरोजकुमार यादवलगायतको उपस्थिति थियो । मण्डल र इशर मङ्गलवार नै मधेस प्रदेशको सभामुख र उपसभामुखमा निर्वाचित भएका हुन्। मङ्गलवार बसेको प्रदेशसभा बैठकमा मण्डललाई सभामुखमा चयन गरियोस् भन्ने प्रस्तावको पक्षमा ७४ मत अर्थात् बहुमत सदस्यको समर्थन प्राप्त भएको थियो । कुल १०७ सदस्यीय प्रदेशसभामा १०३ सदस्यले मतविभाजन प्रक्रियामा सहभागिता जनाएका थिए ।

मण्डललाई सत्ता गठबन्धन दल नेकपा (एमाले), जनता समाजवादी पार्टी, नेकपा (माओवादी केन्द्र), जनमत, लोकतान्त्रिक समाजवादी पार्टी, राप्रपा, नेपाल सङ्घीय समाजवादी पार्टी र स्वतन्त्रको समर्थन थियो । यसैगरी, जनमत पार्टीकी उम्मेदवार इशरलाई उपसभामुखमा निर्वाचित गरियोस् भन्ने पक्षमा ७२ मत प्राप्त भएको थियो । उनको विपक्षमा २९ मत खसेको थियो। उपसभामुखको निर्वाचन प्रक्रियामा १०१ सदस्यले सहभागिता जनाएका थिए ।

# ज्येष्ठ नागरिकहरूको सम्मान


तस्वीरः प्रतीक

नरेश यादव, पर्सागढी, ४ माघ/

पर्सागढी नगरपालिका–८ हरपुरका समाजसेवी स्व शिवनन्दन साहको २३औं स्मृति दिवसको अवसरमा २२ जना ज्येष्ठ नागरिकलाई दोसल्ला ओढाएर सम्मान गरिएको छ ।

लक्ष्मीनारायण साहको अध्यक्षतामा भएको कार्यक्रममा नगरप्रमुख गोकर्ण पाठक, तेली समाजका केन्द्रीय अध्यक्ष विश्वनाथ साह, पूर्व प्रदेशसभा सदस्य राजेश्वर साह तेलीलगायतले मन्तव्य राखेका थिए। कार्यक्रममा स्वागत हृदयनारायण साह र सहजीकरण रामचन्द्र साहले गरेका थिए ।

# 'क्रूजसिप' मा सरर

चितवन, ४ माघ/रासस

नारायणी नदीमा व्यावसायिकरूपमा 'क्रूजसिप' सञ्चालनमा आएको छ। राइनो वाटर इन्टरटेन्मेन्ट प्रालिले सञ्चालन गरिँदै आएको छ। दैनिक एक सयभन्दा बढीले क्रूजमा मनोरञ्जन



तस्वीरः सौजन्य

निर्माण गरेको क्रूजसिप व्यावसायिकरूपमा सञ्चालनमा ल्याइएको हो। यही माघ १ गतेदेखि नियमित व्यावसायिक सेवा सञ्चालन गरिएको छ।

राइनो वाटर इन्टरटेन्मेन्ट प्रालिका कार्यकारी निर्देशक दीपक ढुङ्गेलले विगत तीन दिनदेखि नियमित सञ्चालन गरिँदै आएको बताए। दैनिक तीनपटक लिएको उनले जानकारी दिए।

काठमाडौं, पोखरालगायत जिल्लाबाट समेत क्रूज सयरका लागि आएको उनको भनाइ छ। उनले भने "प्रारम्भिक चरणमा उत्साहजनक उपस्थिति छ।" स्थानीयसहित बाहिरी जिल्लाबाट समेत पर्यटक आएको उनले बताए। ५०-६० जना भएसँगै क्रूज सञ्चालन गर्नेगरी तयारी गरिएको छ।

केही वर्ष अघि नै सञ्चालनमा ल्याउन खोजे पनि कोरोना महामारी र कानूनी समस्याका कारण क्रूज सञ्चालन गर्न नसकिएको उनले बताए। क्रूजको दुई वर्ष पहिले नै सफल परीक्षण गरिएको थियो। एक घण्टासम्म नारायणी नदीमा सयर गराउने योजना रहेको उनले बताए। यसका लागि रु सात सयको टिकट काट्ने गरिएको छ। यसमा एक कप कफी दिइँदै आएको छ।

यसका अलावा विभिन्न प्याकेज पनि तयार पारेको उनले बताए। ब्रेकफास्ट क्रूजिङका लागि रु १,५०० लन्च क्रूजिङका लागि रु २ हजार, डिनर क्रूजिङका लागि रु २,५०० शुल्क तोकिएको छ। केही दिनभित्रै शुरूमा डिनरबाट प्याकेज सञ्चालन गर्ने तयारी गरिएको छ। यो समय बिहान कुहिरोका कारण सञ्चालन कठिन हुने भएकोले लञ्च र डिनर गर्न सकिने उनको भनाइ छ।

क्रूजसिपभित्र रेस्टुरा, सांस्कृतिक कार्यक्रम गर्न आकर्षक स्टेज, बैठक सेमिनार गर्न मिल्ने हल, सेल्फी प्वाइन्टहरू राखिएका छन्। भरतपुर महानगरपालिका-१६ ज्ञानेश्वर सामुदायिक वनस्थित काभ्रेघाटमा क्रूजसिपको स्टेशन रहेको छ। तीन तलाको क्रूजमा दुई सयजना यात्री एकैसाथ चढ्न मिल्छ।

कम्पनीका प्रबन्ध निर्देशक रामचन्द्र कँडेलका अनुसार यो क्रूजसिप निर्माणमा रु १५ करोडभन्दा बढी खर्च भएको छ। क्रूजमा सेल्फी लिने तथा चलचित्र सुटिङ गर्न मिल्ने युनिट डिजाइन परिवर्तन गरी थपिएको छ। क्रूजमा यात्रा गर्ने हरेक यात्रीको रु १० लाख बराबरको बीमा गरिएको छ। क्रूजसिपमैं बसेर विवाह, व्रतबन्ध, पास्नी, जन्मोत्सव, वैवाहिक वर्षगाँठलगायत गतिविधि गर्न पाइने उनले जानकारी दिए।

नारायणी नदीको ४० किलोमिटरमा सञ्चालन अनुमति लिएको निर्देशक कँडेलको भनाइ छ। यति बेला पानीको सतह निकै कम भएकोले केही किलोमिटर मात्र चलाइने छ। पानीको बहाव अनुसार दूरी बढाउँदै लैजाने उनले बताए। नर्वेजियन प्रविधि प्रयोग गरेर बनाइएको क्रूजसिप भारतको केरलाका प्राविधिकले तयार गरेका हुन्। यसको चालक दलमा १५ जना रहने छन्।

क्रूजसिप सञ्चालनसँगै यहाँको पर्यटन क्षेत्रमा सकारात्मक प्रभाव पर्ने अपेक्षा व्यवसायीले गरेका छन्। चितवन राष्ट्रिय निकुञ्ज घुम्न आउने पर्यटकलाई एक दिनको बसाइ लम्ब्याउन र मनोरञ्जन दिन क्रूज उपयोगी हुन सक्ने व्यवसायीको भनाइ छ।

# नारायणगढ-मुग्लिन सडक : थप एक महीना बाटो बन्द

चितवन, ४ माघ/रासस

नारायणगढ-मुग्लिन सडकको काम नसकिएपछि थप एक महीना बाटो बन्द गरेर काम गरिने भएको छ। दिउँसोको समय सवारी रोकेर पुल निर्माणका लागि भित्तो काटिँदै आएको थियो।

पुस ५ गतेदेखि ३० दिनका लागि बिहान ११ बजेदेखि दिउँसो ३ बजेसम्म सडक रोकेर काम गरिँदै आएको थियो। माघ ५ गतेदेखि भने दिउँसो १२ बजे देखि ४ बजेसम्म थप ३० दिन बन्द गर्न लागिएको हो।

जिल्ला प्रशासन कार्यालयमा आज सम्पन्न सरोकारवालाको बैठकले काम नसकिएपछि दिन थप गरेर काम सम्पन्न गर्ने निर्णय गरेको हो। प्रमुख जिल्ला अधिकारी अश्मान तामाङले सवारी नरोकी भित्तो काट्न नसकिने भएकोले एक महीना थप गरिएको बताए।

सो आयोजना हेर्दै आएको नागढुङ्गा-मुग्लिन सडक आयोजना पश्चिम खण्ड (नारायणगढ-मुग्लिन)का सूचना अधिकारी कृष्ण आचार्यका अनुसार सवारी रोकेर काम गर्दा प्रभावकारी भएको छ।

निर्माणाधीन पाँच पुलमध्ये तीनको भित्तो काट्ने काम सकिएको छ। यस अघि भएको निर्णय अनुसार माघको ४


तस्वीरः फाइल

गते ३० दिन पुग्छ। पुसको ३० गते र माघको १ गते माघेसङ्क्रान्तिका कारण सवारी रोकिएको छैन।

उनका अनुसार सिमलताल, कालीखोला र नाम्ची खोलाको पुलको काम सकिएको हो। चिसेन्जी र तुईन खोलाको पुलको भित्तो काट्न बाँकी छ। तुईनको दायाँपट्टीको भित्तो ३० प्रतिशत मात्र काटिएको छ, चिसेन्जीको ७० प्रतिशत काटिएको छ। देब्रेपट्टी दुवै पुलको ६५ प्रतिशत हाराहारी काटिएको छ। तुईनको भित्तो ४५ मिटर अग्लो चट्टानी भीर रहेकोले काम गर्न कठिन भएको हो।

काम गर्नका लागि बाटो बनाउन मात्रै एक हप्ता लाग्ने गरेको उनले बताए। आयोजनाका प्रमुख किरण कार्कीका अनुसार यी पुलसँगै काम थालिएका नौवटा पुल बनिसकेका छन्। यस अघि नै सो सडकका पाँचवटा पुल बनिसकेका थिए। पाँच पुल निर्माणाधीन रहेका छन्। एउटा पुलको जगमा ६ घर टहरा रहेकोले राहत रकम निकासा नहुँदा काम थाल्न नपाएको उनले बताए। विश्व बैंकको सहयोगमा गरिने काममा राहत अनिवार्य दिएर मात्र अतिक्रमण गरेर बसेकालाई हटाउनुपर्ने प्रावधान छ।

यस्तै अन्य पुल रहेका ठाउँमा २० घरटहरा छन्। तिनलाई हटाउन रु एक करोड हाराहारी राहत दिनुपर्ने हुन्छ। विसं २०७६ चैत १० गते ३३ महीनामा सम्पन्न गर्नेगरी रु एक अर्ब २५ करोडमा ठेक्का दिइएको थियो। सम्झौताको भोलिपल्टदेखि कोभिड देखिएकोले काममा अवरोध पुगेको ठेकेदार कम्पनी अनक कन्ट्रक्शनले बताउँदै आएको छ। पहिलो सम्झौता अनुसार पुस ९ गते सम्झौता अवधि सकिएको छ। निर्माण कम्पनीले थप एक वर्षको समय माग गरेको छ।

सो सडकको चौडाइ ९ देखि ११ मिटर रहेकोमा पुल साँघुरो भएपछि अहिले नयाँ निर्माण गरिएका पुल ११ मिटर फराकिला बनाइएको छ।



**विमान दुर्घटनास्थलमा अध्ययन गर्दै विज्ञ टोली** : पोखरामा यही माघ १ गते भएको यति एयरलाइन्सको विमान दुर्घटनाबारे बुधवार स्थलगत अध्ययन गर्दै फ्रान्सस्थित एटिआर कम्पनीको विज्ञ टोली। तस्वीरः रासस

## फरक समाचार

# पर्यटकीय शहरनजीकै पनडुब्बी ज्वालामुखी

ग्रीसको लोकप्रिय पर्यटनस्थल सेन्टोरिनीनजीकै भूमध्य सागरमा पहिलोपटक एउटा समुद्री ज्वालामुखीको खोज गरिएको छ। वैज्ञानिकहरूले यस क्षेत्रमा यति ठूलो म्याग्मा च्याम्बर पहिले कहिल्यै देखेका थिएनन्।



गर्म लाभाले भरिएको यो कक्ष कोलम्बो पनडुब्बी ज्वालामुखीको तल छ। चार सय वर्ष पहिले यो फुटेको थियो। अब पुनः सक्रिय र बढ्दै छ। संसारकै सबैभन्दा सुन्दर पर्यटन स्थलमध्ये एउटा सेन्टोरिनीमाथि खतराको बादल मडारिइरहेको छ। किनभने चार सय वर्ष पहिले जुन ज्वालामुखीले यस शहरलाई नष्ट गरेको थियो, अब यसको तल एउटा सक्रिय म्याग्मा कक्ष छ। र यो कक्ष लगातार ठूलो हुँदैछ। यो एउटा पनडुब्बी ज्वालामुखी हो। पछिल्लो केही दिनदेखि यसको गतिविधि बढिरहेको छ।

ज्वालामुखीको अध्ययन गर्दा कोलम्बो पनडुब्बी ज्वालामुखीको तल तातो लाभा जम्मा भइरहेको पत्ता लागेको छ। एउटा ठूलो कक्ष बनेको छ। यो दिन प्रतिदिन ठूलो हुँदैछ। वैज्ञानिकहरूको अनुमान छ कि आगामी १५० वर्षभित्र यो कुनै पनि बेला पड्किन सक्छ। यो कुनै भूकम्पबाट सक्रिय हुनेछ। सेन्टोरिनीभन्दा सात किलोमिटर टाढा रहेको यो स्थान समुद्रभित्र आधा किलोमिटर गहिराइमा छ।

कोलम्बो संसारको सबैभन्दा बढी सक्रिय ज्वालामुखीमध्ये एक हो। ऐतिहासिक दस्तावेज भन्छ-यो ज्वालामुखी सन् १६५० मा पड्कँदा ७० जनाको ज्यान गएको थियो। जर्नल जियोकेमिस्ट्री, जियोफिजिक्स, जियोइकोसिस्टम्समा प्रकाशित रिपोर्ट अनुसार यस ज्वालामुखीको तल बढ्दो म्याग्मा कक्षमाथि कसैको ध्यान गएको छैन। यो कुनै पनि बेला पड्केर सुन्दर सेन्टोरिनी शहर नष्ट हुन सक्छ।

समुद्री ज्वालामुखीको निगरानी भूमि ज्वालामुखीसरह हुन्छ तर समुद्रमा सिस्मोमिटर लगाउन गाह्रो हुन्छ, यसैले यो काम केही स्थानमा मात्र भएको छ। समुद्री ज्वालामुखीको सक्रियता वा विस्फोटको भविष्यवाणी गर्न पनि गाह्रो हुन्छ। तर कोलम्बसको गतिविधि पत्ता लगाउन वैज्ञानिकहरूले नयाँ प्रविधि प्रयोग गरेका छन्। यसलाई फूल-वेबफार्म इन्वर्जन भनिन्छ। यसमा कृत्रिम भूकम्पीय तरङ्ग पठाइन्छ। जसबाट हाइ रेजोल्युशन इमेज तयार हुन्छ। लहर भन्छ-कहाँ ढुङ्गा छ, कहाँ माटो छ र कहाँ ज्वालामुखी छ।

इम्पिरियल कलेज लन्दनका एकजना ज्वालामुखी विशेषज्ञ मिशेल पोलैटो भन्छन्-फूल वेबफार्म इन्वर्जन एउटा मेडिकल अल्ट्रासाउन्ड प्रविधिसरह काम गर्छ। यसमा ध्वनि तरङ्ग समुद्रमा पठाइन्छ। जहाँ लहर ठोकिन्छ वा फर्किन्छ हामीलाई थाहा हुन्छ कि समुद्र कहाँ छ। यसले समुद्रको तल निर्माण गर्छ। अलग अलग ठाउँ भएर जाँदा यसको तरङ्गको गति पनि बदलिन्छ। यसले भित्री माहौल पनि दर्शाउँछ।

वैज्ञानिकद्वारा निकालिएको आँकडा अनुसार म्याग्मा च्याम्बरमा सन् १६५० देखि हरेक वर्ष १४१ मिलियन क्युबिक फिट लाभा लगातार बढिरहेको छ। वर्तमानमा त्यस कक्षमा १.४ घन किलोमिटर म्याग्मा मौजुद छ। करीब १५० वर्षसम्म यसमा लगभग यति नै म्याग्मा बन्नेछ। यति म्याग्मा कोलम्बोले चार सय वर्ष पहिले एउटा विस्फोटमा छाडेको थियो।

एउटा नयाँ अध्ययनले दाबी गरेको छ कि कोलम्बो पनडुब्बी ज्वालामुखीमाथि निगरानी राख्नुपर्छ। साथै सटीक आँकडा हासिल गर्नुपर्छ।

मिशेल पौलेटो भन्छन्-सटीक तथ्याङ्कका कारण हामीले यो विस्फोट हुने भविष्यवाणी गर्न सक्छौं र सेन्टोरिनी द्वीपका बासिन्दाहरूलाई बाहिर निकाल्न सक्छौं। वैज्ञानिकको एउटा अन्तर्राष्ट्रिय टीमले कोलम्बसको अध्ययनको लागि समुद्री वेधशाला बनाउँदैछ। यो वेधशाला समुद्रभित्र हुनेछ। यसलाई सेन्टोरिनी सिफ्लोर ज्वालामुखीय वेधशाला वा सेन्टोरी नाम दिइएको छ।

# प्रत्येक प्राणीको आँखा भिन्दाभिन्दै किन हुन्छ ?

कुकुर, भेडिया, ढाडे बिरालोजस्ता जनावरको नानी गोलो हुन्छ किनभने यी जनावरहरूले दिनको उज्यालोमा आफ्नो शिकार खोज्छन्। यस्ता नानी भएका जनावर प्रायः शीर्ष स्तरका शिकारी हुन्छन्, यसैले उनीहरूलाई व्यापक दृष्टिको आवश्यकता पर्दैन।

**भर्टिकल स्टिल प्युपिल्सः** यो नानी त्यस्ता जीवमा पाइन्छ जो घात लगाएर हमला गर्छन्। जस्तै सानो बिरालो, स्याल, गोही आदि। यी आफ्नो शिकारलाई निकै नजीक पुगेर हमला गर्छन्। लम्बवत् खुल्ने नानीमा प्रकाशको मात्रा बढ्छ। किनभने यी जनावर भिन्दाभिन्दै प्रकाशमा पनि शिकार गर्छन्।

**क्षैतिज नानीः** भेडा, बाख्रा, घोडाजस्ता जनावरको आँखाको नानी क्षैतिज अर्थात् सुतेकोजस्तो देखिन्छ। यस्ता जीवले विस्तृत क्षेत्रमा हेर्नुपर्छ, यसैले यसका नानी यस्तै हुन्छन्। साथै यो नानीले उनीहरूलाई शिकारीबाट बच्न पनि मदत गर्छ।

**होरिजनल स्लिट प्युपिल्सः** साधारणतया यस्ता आँखाका नानी त्यस्ता जीवमा हुन्छ, जो शिकारी हुन्छन्। यसको अलावा भ्यागुता, सर्प र अक्टोपसमा पनि यस्तै नानी देखिन्छ। यो नानी कुनै पनि जीवलाई उर्ध्वाधर गतिलाई बुझ्न सहायक हुन्छ। यस्ता नानी भएका जीव आफूलाई शिकार हुनबाट बचाउँछन्। अँध्यारो भएपछि यस्ता जीवको नानी चौडा पनि हुन्छ।

**क्रिकेन्ट प्युपिल्सः** यस्तो आँखा केवल स्टिङ रे, फ्लैट फिश र कैट फिशमा पाइन्छ। यस्ता आँखा भएका जीवले गहिरो पानीमा पनि हेर्न सक्छन्। यस्ता नानी भएको जीवले व्यापकरूपमा हेर्न सक्छन् र शिकारको खोजी पनि गर्न सक्छन्। यस्ता नानीले प्रकाश र वस्तुको साथ विपरीतता बढाउँछ।

**डब्लु-शेप प्युपिल्सः** यस्तो नानी कटलफिशमा मात्र पाइन्छ। उनीहरूको आँखाको नानी डब्लु आकारको हुन्छ। यस्तो नानी गोलो हुन्छ तर तीव्र प्रकाशको सम्पर्कमा आएपछि यसले डब्लु आकार लिन्छ। यस्ता जीवको आँखामा अलग-अलग दिशाबाट प्रकाश प्रवेश गर्छ। यस्ता जीवले टाढा हेर्न इमेज कन्ट्रास्टको प्रयोग गर्छन्।

**भर्टिकल बिडेड प्युपिल्सः** एउटा विशेष माउसुली हुन्छ, जसलाई गेकोस भनिन्छ। त्यस्तै माछा पनि हुन्छ, जसको नानी लम्बवत् हुन्छ। अर्थात् आँखाको बीचमा एउटा भर्टिकल पातलो लाइन बन्छ तर बीचमा गोलाकार हुन्छ। यस्ता जीवले टाढासम्म हेर्न सक्छन्।

**स्युडोपुपिल्सः** वास्तवमा यस्ता जीवको आँखामा नानी हुँदैन। यिनीहरूको आँखा मिश्रित हुन्छ, भट्याङग्रासरह। तर एउटा वा दुईवटा डार्क स्पट हुन्छ, जसलाई स्युडोपुपिल्स भनिन्छ। - प्रतीक डेस्क (एजेन्सको सहयोगमा)

## अन्तर्राष्ट्रिय समाचार

# छालाको क्यान्सरबाट पीडित अमेरिकी प्रथम महिला महारोगविरूद्धको राष्ट्रिय अभियानमा

वाशिङ्टन, ४ माघ/एपी

अमेरिकी प्रथम महिला जिल बाइडेन छालाको क्यान्सरबाट पीडित भएकी छन्। केही समयअघि उनको दाहिने आँखाको माथिल्लो भागमा देखिएको घाउ छालाको क्यान्सर भएको चिकित्सकहरूले पुष्टि गरे। नियमित परीक्षणका क्रममा उनमा उक्त रोग लागेको पुष्टि भएको हो।


तस्वीरः एजेन्सी

प्रथम महिलालाई उपचार गरेमा निको हुने खालको छालाको क्यान्सर भएको हो। परीक्षणका क्रममा चिकित्सकहरूले उनको बायाँतिरको वक्षस्थलको भाग र बायाँ आँखाको माथिल्लो भागमा पनि क्यान्सर लागेको पत्ता लगाए। रोग लागेको भाग हटाइएको छ। समयमैं उपचार गर्दा निको हुने खालको क्यान्सर लागेकाले आत्तिनुपर्ने अवस्था नभएको उपचारमा संलग्न चिकित्सकहरूले बताएका छन्।

आफूलाई क्यान्सर भए/नभएको यकीन गर्न नियमितरूपमा स्वास्थ्य परीक्षण गराउन सर्वसाधारणलाई अभिप्रेरित गर्दै आएकी प्रथम महिलाको यो अभियान नयाँ होइन। न त उनका छोराको सन् २०१५ मा मस्तिष्क क्यान्सर लागेर निधन भएपछि प्रारम्भ भएको हो। जिल बाइडेनले दशकौंअघिदेखि क्यान्सरविरुद्धको अभियानमा आफूलाई सक्रिय राखेकी छन्। शीर्ष नेताकी पत्नीका रूपमा परिचय सार्वजनिक हुनुअघिदेखि नै यो महारोगविरुद्धको अभियानमा उनी होमिएकी हुन्। 'तपाईंलाई क्यान्सर भएको छ' यो वाक्यांशले आफूलाई सर्वाधिक पीडा दिने उनी बताउँछिन्। यो रोग लागेकोले पनि आफूले जस्तै असीम पीडा महसुस गर्ने उनलाई लाग्छ।

प्रथम महिलाले क्यान्सरविरुद्धको आफ्नो भावी अभियानलाई कहिले र कसरी अघि बढाउँछिन् भन्ने अनुमान अहिले नै गर्नु अपरिपक्व हुनेछ। उनको अवस्था, अनुभवले जनमानसमा क्यान्सरप्रतिको चेतना अभिवृद्धि, अनुसन्धान तथा सर्वसाधारणलाई नियमित स्वास्थ्य परीक्षण अर्थात् क्यान्सर लागे/नलागेको सुनिश्चित गर्न अभिप्रेरित गर्नेछ। सार्वजनिक जीवनका व्यक्तिहरूका व्यक्तिगत अनुभूति र भोगाइ चेतना जागृतिका निम्ति अमूल्य हुनेछन्।

प्रथम महिलाकी प्रवक्ता वानेसा वाल्डिभिया व्यक्तिगतरूपमा नै जिल बाइडेन क्यान्सरविरुद्ध लागेको बताउँछिन्। क्यान्सर जोकोहीलाई लाग्न सक्ने उनको बुझाइ छ। क्यान्सरप्रति सचेत रहन र समयमैं उपचारका निम्ति अग्रसर हुन उनले सन् १९९३ देखि नै अभियान थालेकी हुन्। त्यस बेला उनका चारजना साथीलाई स्तन क्यान्सर भएको थियो। चारजनामध्ये एकजनाको निधन भएपछि उनी यो महारोगलाई परास्त गर्ने अभियानमा जुटेकी हुन्। रोगको रोकथाम र निदानसम्बन्धी एक कार्यक्रमलाई गत वर्ष सम्बोधन गर्दै उनले मृतक आफ्नी मित्र विनीबाट प्रेरणा पाएर आफू अभियानमा लागेको बताएकी थिइन्।

जिल बाइडेनले विगतका घटना र आफ्ना अनुभवबाट प्रेरित बाइडेन ब्रस्ट हेल्थ इनिसिएटिभ्स प्रारम्भ गरिन्। १६ देखि १८ वर्षका युवतीलाई आफ्ना स्तनबारे ध्यान दिन तथा स्तन स्वास्थ्य प्रवर्द्धन गर्न उनले थालेको यो प्रयास अमेरिकामा पहिलो हो। डेलावरका माध्यमिक विद्यालयहरूमा गएर उनले स्तन स्वास्थ्यबारे प्रवचन तथा प्रदर्शन गरिन्। संयोग पनि अनौठो र दुःखद छ– उनका पिता डोनाल्ड ज्याकोबको सन् १९९९ र आमा बोनी जीनको सन् २००८ मा क्यान्सरबाटै मृत्यु भयो। सन् २०१५ को मे महीनामा राष्ट्रपतिकी दिवङ्गत जेठी पत्नीतर्फका छोराको पनि क्यान्सरबाटै ज्यान गयो। बाइडेन त्यस बखत उपराष्ट्रपति थिए। जो बाइडेनकी पहिली पत्नीको पहिले नै निधन भएकोले जिलले नै बाउ बाइडेनलाई हुर्काइबढाइ गरेकी थिइन्। आफ्ना छोराको निधनपछि बाइडेन दम्पती क्यान्सरविरुद्धको अभियानमा होमिएका हुन्।

क्यान्सरविरुद्धको अभियानलाई राष्ट्रिय प्रतिबद्धताका रूपमा अघि बढाउन तत्कालीन राष्ट्रपति बाराक ओबामाले उपराष्ट्रपति बाइडेनलाई मुख्य जिम्मेवारी सुम्पिए। राष्ट्रपतिमा निर्वाचित भएपछि जो बाइडेनले आगामी २५ वर्षमा क्यान्सरबाट हुने मृत्युलाई ५० प्रतिशतमा झार्ने लक्ष्यका साथ काम गरिरहेका छन्। बाइडेन दम्पतीले क्यान्सरका बिरामी, उपचारपछि बाँचेका पूर्वबिरामी, स्वास्थ्यसेवक, परिचारक, अनुसन्धानकर्ता, चिकित्सक र क्यान्सरविरुद्धको अभियानमा होमिएका सबैलाई एकताबद्ध भएर उक्त लक्ष्य हासिल गर्ने दिशामा सघाउन आह्वान गरेका छन्। ७१ वर्षीया जिलले प्रथम महिलाको पद समाजसेवा र क्यान्सरकै विरुद्ध उपयोग गर्दै आएकी छन्। रासस

# ताइवानी महिलालाई पनि सैन्य प्रशिक्षण

ताइपेई, ४ माघ/एएफपी

ताइवानले जगेडा सैनिकका रूपमा महिलालाई तैनाथ गर्न प्रशिक्षण दिने योजना घोषणा गरेको छ। पहिलोपटक महिलालाई सैन्य तालीमको व्यवस्था गरिएको र त्यो यसै वर्ष प्रारम्भ हुनेछ। चीनबाट हुन सक्ने जोखिमलाई दृष्टिगत गरी महिलालाई प्रशिक्षणको व्यवस्था गरिएको हो।

रक्षा मन्त्रालयका अनुसार यसै वर्षको मध्यतिर करीब दुई सय महिलालाई ताइवानको सेनाले तालीम दिनेछ। बाह्य आक्रमणको जोखिम बढेकोले आफ्नो सेनालाई बलियो बनाउने प्रयासमा महिलालाई पनि प्रशिक्षणको व्यवस्था गरिएको उक्त मन्त्रालयले जनाएको छ। इच्छुक महिलाले तालीमका निम्ति आवेदन गर्न सक्नेछन्। तालीममा सहभागी हुने महिलाको सङ्ख्या अनुसार प्रशिक्षण योजना र कार्यक्रम तर्जुमा गरिने छ।

हालै ताइवानले पुरुषलाई अनिवार्य सैन्य सेवा गर्नुपर्ने प्रावधान जारी गरेको छ। यद्यपि महिलाहरू पनि सशस्त्र बलमा स्वयंसेवकका रूपमा सेवा गर्न सक्ने व्यवस्था छ। ताइवानी पुरुषले अनिवार्य सैन्य सेवा गर्नुपर्ने चार महीनाको प्रावधान बढाएर एक वर्ष पुऱ्याएको छ। अमेरिकी रक्षा मन्त्रालयको अनुमान अनुसार ताइवानसँग ८९ हजार स्थल सेना छ भने चीनसँग १० लाख।

गत महीना राष्ट्रपति साई इङ्ग वेनले अनिवार्य सैन्य सेवाको अवधि बढाइएको घोषणा गरेका थिए। प्रथम महिला राष्ट्रपति उनले गरेको उक्त घोषणाको स्वागत गर्दै केही महिला सांसदले नारीलाई पनि सैन्य तालीम अनिवार्य गर्नुपर्ने आवश्यकतामा जोड दिएका थिए। भावी पुस्ताका निम्ति लोकतान्त्रिक जीवनशैली सुनिश्चित गर्न सैन्य सेवा विस्तार अपरिहार्य भएको राष्ट्रपतिले बताएकी छन्।

सन् १९४९ को चिनियाँ गृहयुद्धमा ताइवान र चीन विभाजित भएका हुन्। पहाडी टापू ताइवानलाई चीनले आफ्नो भूमिका रूपमा दाबी गरिरहेको छ भने आवश्यक परे बल प्रयोग गरेर मूलभूमिमा एकीकरण गर्ने बताउँदै आएको छ। एक देश दुई शासन पद्धति अनुरूप बेइजिङले ताइवानमाथि अप्रत्यक्ष शासन गर्दै आएको छ। यद्यपि उसले ताइपेईलाई स्वयत्तता प्रदान गरेको छ। रासस

## आजको राशिफल

| | |
|---|---|
| मेष – अलमल | वृष – नारीसुख |
| मिथुन – धनलाभ | कर्कट – सन्तानसुख |
| सिंह – मित्रमिलन | कन्या – मित्रमिलन |
| तुला – धनलाभ | वृश्चिक – अन्नलाभ |
| धनु – खर्चवृद्धि | मकर – आरोग्यता |
| कुम्भ – पदोन्नति | मीन – ईश्वरभक्ति |

ज्योतिषी पं. छविरमण सुवेदी, सि.सं.मा.वि.कलैया


## रानीघाट–पोखरिया बस समिति

भिस्वा– बिहान ७:४० बजे
भिस्वा– बिहान १०:०० बजे
भिस्वा– मध्याह्न १२:०० बजे
भिस्वा– दिउँसो १:३० बजे
दसौता– दिउँसो २:३० बजे
सेढवा– दिउँसो ३ बजे
देउरिया– दिउँसो ३:१५ बजे
भिस्वा– दिउँसोः ३:४० बजे

प्लास्टिकको झोला बहिष्कार गरौं,
कपडाको झोला प्रयोग गरौं।

वीरगंज महानगरपालिका कार्यालय


# रङ्गपुर माविमा चारकोठे विद्यालय भवनको शिलान्यास



विद्यालय भवन र नेरेसो शाखा भवनको शिलान्यास कार्यक्रमको दृश्य। तस्वीरः प्रतीक

प्रस, सेढवा, ४ माघ/

राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम अन्तर्गत बुधवार पटेर्वासुगौली गाउँपालिका–२ स्थित रङ्गपुर माविमा चारकोठे भवनको शिलान्यास गरिएको छ।

गापाध्यक्ष दिनेशकुमार चौधरी र उपाध्यक्ष ममता महतोले संयुक्तरूपमा निर्माण हुन लागेको विद्यालय भवनको शिलान्यास गरेका थिए।

कार्यक्रममा वडाध्यक्ष विजय गैरे, अभिभावक, विव्यसका अध्यक्ष तथा पदाधिकारीहरूको सहभागिता थियो।

उक्त विद्यालय भवन चारकोठे दुई तले निर्माण हुने र सो निर्माण कार्यमा ३५ लाख रुपियाँ लागत लाग्ने तथा निर्माण कार्य वैशाखसम्म सम्पन्न हुने विद्यालयका प्रअ भोजराज गौतमले बताए।

यसैगरी, सोही गापाको वडा नं ५ निचुटामा नेपाल रेडक्रस सोसाइटीको भवन शिलान्यास भएको छ।

पालिकाको १० लाख रुपैयाँको सहयोगमा निर्माण हुने भवनको शिलान्यास गापाध्यक्ष दिनेशकुमार चौधरीले गरेका थिए।


## ठोरी गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय
घ्याङडाँडा, पर्सा
मधेस प्रदेश, नेपाल

## करारमा सेवा लिनेसम्बन्धी सूचना

*(प्रथमपटक प्रकाशित मितिः २०७९/१०/५ गते)*

ठोरी गाउँपालिका अन्तर्गतका विद्यालयहरूमा रिक्त रहेका तपसिलका पदहरूमा करार सेवामा कर्मचारी र शिक्षक पदपूर्ति गर्नुपर्ने भएकोले योग्यता पुगेका इच्छुक नेपाली नागरिकले दस्तुर तिरेको रसिद र तोकिएको कागजातसहित दरखास्त दिनुहुन सम्बन्धित सबैको लागि यो सूचना प्रकाशित गरिएको छ। दरखास्त फाराम र अन्य जानकारी कार्यपालिकाको कार्यालय, घ्याङडाँडाबाट प्राप्त हुनेछ।

**तपसिल**

| क्रसं. | विज्ञापन नं. | पद | तह | विषय | प्रकार | शैक्षिक योग्यता | सङ्ख्या | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| १ | ३९–२०७९/८० | प्रशिक्षक | उमावि | पशुविज्ञान | प्राविधिक धार | B.V.A. and H. + १ वर्ष कार्यानुभव वा Master in Animal Science | २ | |
| २ | ४०–२०७९/८० | शिक्षक | उमावि | विज्ञान | प्राविधिक धार | विज्ञान (फिजिक्स) विषयमा स्नाकोत्तर | १ | |
| ३ | ४१–२०७९/८० | शिक्षक | मावि | विज्ञान | राहत करार | विज्ञान विषयमा स्नातक उत्तीर्ण | १ | अध्यापन अनुमतिपत्र प्राप्त |
| ४ | ४२–२०७९/८० | शिक्षक | उमावि | लेखा | अनुदान कोटा | लेखा विषयमा स्नाकोत्तर उत्तीर्ण | १ | अध्यापन अनुमतिपत्र प्राप्त |
| ५ | ४३–२०७९/८० | शिक्षक | मावि | लेखा | राहत कोटा | लेखा विषयमा स्नातक उत्तीर्ण | १ | अध्यापन अनुमतिपत्र प्राप्त |
| ६ | ४४–२०७९/८० | शिक्षक | निमावि | विज्ञान/गणित | साधारण दरबन्दी | कक्षा १२ उत्तीर्ण वा सोसरह उत्तीर्ण | १ | अध्यापन अनुमतिपत्र प्राप्त |
| ७ | ४५–२०७९/८० | स्वयंसेवक शिक्षक | मावि | गणित | गापा स्रोत | स्नातक उत्तीर्ण | १ | |
| ८ | ४६–२०७९/८० | स्वयंसेवक शिक्षक | मावि | विज्ञान | गापा स्रोत | स्नातक उत्तीर्ण | १ | |
| ९ | ४७–२०७९/८० | शिक्षक | मावि | गणित | शिक्षण सहयोग अनुदान | स्नातक उत्तीर्ण | १ | अध्यापन अनुमतिपत्र प्राप्त |
| १० | ४८–२०७९/८० | स्वयंसेवक शिक्षक | मावि | सामाजिक | गापा स्रोत | स्नातक उत्तीर्ण | १ | |
| ११ | ४९–२०७९/८० | कार्यालय सहयोगी | – | – | सङ्घीय | साक्षर | १ | |

१. **न्यूनतम योग्यताः**
(क) नेपाली नागरिक।
(ख) उमेर हद प्रचलित ऐनमा तोकिए बमोजिम।
(ग) आवश्यक कागजातः ऐनमा तोकिए बमोजिम।
(घ) आवेदन दस्तुर उमावि तहका लागि रु १,३००/–, मावि तहका लागि रु १,०००/–, निमावि तहको लागि रु ७००/–, स्वयंसेवक शिक्षकको लागि रु ५००/– र कार्यालय सहयोगीको लागि रु १००/–।
(ङ) सेवासुविधा नेपाल सरकार र गाउँपालिकाको सम्झौता बमोजिम।
(च) सम्बन्धित विज्ञापन नंमा तोकिएका प्रमाणित कागजातहरू र दस्तुर तिरेको रसिद।

१. **छनोट प्रक्रियाः** लिखित र अन्तर्वार्ता।
२. **दरखास्त पेश गर्ने स्थानः** ठोरी गाउँपालिकाको कार्यालय, घ्याङडाँडा, पर्सा।
३. **दरखास्त पेश गर्ने अन्तिम मितिः** यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र दिउँसो २:०० बजेसम्म।
४. **सम्पर्क मितिः** आवेदन दिने अन्तिम मितिको भोलिपल्ट अपराह्न २:०० देखि ४:०० बजेसम्म।
**सम्पर्क नंः** ९८४९०५३९८६, ९८६०६११४०० र ९८४५२६७०८०

**कृष्ण लाल श्रेष्ठ**
**(प्रमुख प्रशासकीय अधिकृत)**

**Web: www.thorimun.gov.np, Mo. No. 9855038037, Email: ito.thorirmun@gmail.com**

# मुख्यमन्त्री यादवलाई शतप्रतिशत मत प्राप्त

जनकपुरधाम, ४ माघ/रासस

मधेस प्रदेशका मुख्यमन्त्री सरोजकुमार यादवलाई शतप्रतिशत विश्वासको मत प्राप्त भएको छ।

आजको प्रदेशसभा बैठकमा मुख्यमन्त्री यादवले सभामा उपस्थित १०२ मध्ये सम्पूर्ण सदस्यको मत प्राप्त गरेका हुन् । सभामुख रामचन्द्र मण्डलले मुख्यमन्त्री यादवले विश्वासको मत पाऊँ भनी सभामा प्रस्तुत गरेको प्रस्ताव सर्वसम्मत पारित भएको घोषणा गरे।

मुख्यमन्त्री यादवलाई प्रदेशसभामा प्रतिनिधित्व गर्ने दशवटै दल र स्वतन्त्र सांसदले पनि विश्वासको मत दिएका हुन्।


तस्वीरः रासस

मधेस प्रदेशसभामा नेकपा (माओवादी केन्द्र)का दुई प्रदेशसभा सदस्यको शपथ ग्रहण बाँकी रहेकाले प्रदेशसभामा हाल १०५ सदस्य रहेका छन्।

पुस २७ गते मुख्यमन्त्रीको दाबी पेश गर्दा सत्ता गठबन्धन दल र दुई स्वतन्त्र सांसद गरी ६३ जनाको मात्रै समर्थन रहेकामा बुधवारको बैठकमा यादवले असाधारण अर्थात् उपस्थित सम्पूर्ण सदस्यको मत प्राप्त गरे। १०७ सदस्यीय मधेस प्रदेशसभामा नेकपा (एमाले) २४, नेपाली काङ्ग्रेस २२, जसपा १६, जनमत पार्टी १३, माओवादी केन्द्र नौ, लोकतान्त्रिक समाजवादी पार्टी सात, नेकपा (एकीकृत समाजवादी) सात, राप्रपा, नेपाल सङ्घीय समाजवादी पार्टी, नागरिक उन्मुक्ति पार्टी (एक/एक) र चारजना स्वतन्त्र प्रदेशसभा सदस्य छन्।

# खेलकूदको संसार

## नेपालका खेलाडी इन्द्र सुनारको जीत

काठमाडौं, ४ माघ/रासस

थाइल्यान्डको राजधानी बैंककमा भएको यू-२२ (२२ वर्षमुनि) बक्सिङ च्याम्पियनशिप अन्तर्गत ५७ किलो तौल समूहमा नेपालका मुक्केबाज इन्द्रबहादुर सुनारले जीत हासिल गरेका छन्।


तस्वीरः सौजन्य

बैंककमा बुधवार भएको खेलमा नेपाली मुक्केबाज सुनारले लाओसका खेलाडी सोक्साखुनलाई पराजित गर्दै जीत हासिल गरेका हुन् । यस जीतसँगै उनी क्वार्टरफाइनलमा प्रवेश गरेका छन् । सुनारले अब क्वार्टरफाइनल खेल मङ्गोलियन मुक्केबाज गन्तुमार लुन्डासँग खेल्नेछन्।

त्यसैगरी, नेपालबाट सहभागी दुई खेलाडी विजय बाटा (८६ किलो) र महिला खेलाडी त्रिशा जवेगु (७५ किलो)तर्फ सेमिफाइनलमा प्रवेश भइसकेका छन्। उनीहरूले क्रमशः इन्डोनेशियाका खेलाडी मोसकिता माइकल र काजिकिस्तानी मुक्केबाज एर्जन गुल्सायसँग खेल्नेछन्।

# किसान महासङ्घको समिति विस्तार

प्रस, पंचगावाँ, ४ माघ/

नेपाली काङ्ग्रेससँग आबद्ध नेपाल किसान महासङ्घको जिल्ला कार्यसमिति विस्तार गरिएको छ। केन्द्रको निर्देशन बमोजिम नेपाली काङ्ग्रेस, पर्साका सभापति जनार्दनसिंह क्षत्रीको सल्लाह अनुसार कार्यसमिति विस्तार गरिएको अध्यक्ष अरविन्द त्रिपाठीले विज्ञप्तिमार्फत जानकारी गराएका छन्।

नेपाल किसान सङ्घ, पर्साका उपाध्यक्ष महम्मद हनिफ मियाँ, सचिव दीपनारायण रौनियार, सहसचिव वीरेन्द्र यादवलगायत १५ सदस्यीय कार्यसमिति विस्तार गरिएको छ।


**सार्वजनिक यातायातलाई व्यवस्थित गरौं।**

- सार्वजनिक यातायातका साधनमा यात्रा गर्दा सामाजिक मर्यादा र शिष्टाचारको पालना गरौं।
- यात्री, चालक र सहचालकले एकापसमा मर्यादित र शिष्ट व्यवहार गरौं।
- सार्वजनिक यातायातका साधनमा हानिनोक्सानी नपुऱ्याऔं।
- सवारीसाधनमा भाडादर देखिने गरी टाँसी तोकिएको भाडादर मात्र लिनेदिने गरौं।
- सार्वजनिक यातायात सञ्चालनको समयतालिका सार्वजनिक गरी त्यसको पालना गरौं।
- तोकिएको स्थानमा मात्र यात्री उकाल्ने र ओराल्ने गरौं।
- आरक्षित सिटमा सम्बन्धित यात्रीलाई नै प्राथमिकता दिऔं।
- ट्राफिक नियमको पालना गरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड





# कपडा बैंकलाई कपडा सहयोग


तस्वीरः प्रतीक

प्रस, वीरगंज, ४ माघ/

लायन्स क्लब अफ सेन्ट्रल सिटीले विपन्न गरीबहरूको लागि कपडा बैंकलाई कपडा हस्तान्तरण गरेको छ।

क्लबकी अध्यक्ष सलमा खातुनले गरीब, विपन्नहरूको लागि कपडा सङ्कलन गरी कपडा बैंकलाई हस्तान्तरण गरिएको बताइन्।

परिवर्तन नेपाल फाउन्डेशनद्वारा स्थापित कपडा बैंकले जाडो र गर्मीयाममा गरीब, विपन्नहरूलाई आवश्यकता अनुसार कपडा वितरण गरिने फाउन्डेशनका अध्यक्ष रणधीर वर्णवालले बताए । कार्यक्रममा क्लबका उमेश शर्मा, आश्मासिंह यादव, गुड्डी जोशी, डा लक्ष्मी थापा, सुशीला साह, देवन्ती साह, नेहा साह, सुशील पटेल, बालेश्वर जैसवाललगायतको सहभागिता थियो।

# भारु एक लाखसहित युवक पक्राउ

प्रस, वीरगंज, ४ माघ/

जिल्ला प्रहरी कार्यालय, पर्साले प्रतिबन्धित भारु एक लाखसहित एकजनालाई पक्राउ गरेको छ।


तस्वीरः सौजन्य

भारत, रक्सौलबाट वीरगंज आइरहेका वीरगंज-१ छपकैया निवासी २१ वर्षीय जटाशङ्कर साह सोनारलाई भारु एक लाखसहित पक्राउ गरिएको जिप्रका, पर्साले जनाएको छ। उनको साथबाट प्रतिबन्धित भारु पाँच सयका दुई सय थान नोट (भारु एक लाख) बरामद भएपछि कारबाईको लागि राजस्व अनुसन्धान कार्यालय, पथलैयामा बुझाइएको जिप्रका, पर्साले जनाएको छ।

# दुर्घटनामा दुईजना युवक घाइते

प्रस, सिम्रौनगढ, ४ माघ/

सिम्रौनगढनजीकको सीमावर्ती भारतको घोडासहन श्रीपुर कवैया कसवा चोकमा सवारी दुर्घटना हुँदा दुईजना नेपाली युवक घाइते भएका छन्।


तस्वीरः प्रतीक

रौतहटको खाप घिउडा निवासी तनवीर आजम र मोहसिल आजाद घाइते भएको र उनीहरूलाई उपचारको लागि मोतिहारी पठाइएको भारतीय प्रहरीले जनाएको छ। घाइते नेपाली युवकहरू मोटरसाइकलमा सवार थिए र उनीहरू चढेको मोटरसाइकललाई ट्याक्टरले ओभरटेक गर्न खोज्दा दुर्घटना भएको थियो। ट्याक्टरलाई प्रहरीले नियन्त्रणमा लिएको र चालक भने फरार रहेको घोडासहन प्रहरीले जनाएको छ।

# ब्रह्माबाबाको स्मृति दिवसमा योग साधना

प्रस, वीरगंज, ४ माघ/

ब्रह्माकुमारी राजयोग सेवा केन्द्र, मानवलाई देव बनाउने संस्था राजयोग रहेको बताए।


तस्वीरः प्रतीक

सिमराले ब्रह्माबाबाको ५४औं स्मृति दिवसको अवसरमा योग साधना कार्यक्रम बुधवार सम्पन्न गरेको छ।

कार्यक्रममा प्रमुख अतिथि जीतपुरसिमरा उपमहानगरपालिकाका प्रमुख चेतनाथ पोखरेलले जीवनमा शान्ति ल्याउन नैतिकवान् र आदर्श चरित्र निर्माण गर्नुपर्ने बताए । उनले

कार्यक्रममा जीतपुरसिमरा उपमनपाका इन्जिनीयर रामनरेश यादव, डा श्यामकिशोर चौधरीलगायतले मन्तव्य राखेका थिए।

राजयोगकी प्रभारी मधुको अध्यक्षतामा भएको कार्यक्रममा स्वागत ब्रकु ममता, लक्ष्मी, परमेश्वर र सञ्चालन सन्तोषले गरेका थिए।

# जनता माविको अनुगमन

नरेश यादव, पर्सागढी, ४ माघ/

पर्सागढी नगरपालिका-३ स्थित पढाइ भइरहेको छ, विद्यार्थीहरूले पनि बुझिरहेको, शिक्षकहरूले पनि आफ्नो


तस्वीरः प्रतीक

जनता उमावि पकडिया बडनिहार विद्यालय व्यवस्थापन समितिका अनुगमन समितिका सदस्य दीपेश नेपाल (अर्जुन)ले आज विद्यालयको अनुगमन तथा निरीक्षण गरेका छन्।

अनुगमनको क्रममा नेपालले राम्रोसँग जिम्मेवारी निर्वाह गरिरहेको बताएका छन्। विद्यालयमा त्यस्तो कुनै विकृति नरहेको बताए। अनुगमनको क्रममा प्रअ मोहन दास थारू, शिक्षक सञ्जय पटेल, नागेश्वर मुखिया, श्यामसुन्दर दास थारूलगायतको सहभागिता थियो।

### थुनछेक बहस ...

उनी पेन्टर हुन्। घर पेन्टिङ गरेर उनको गुजारा हुने गरेको छ। यो अवधिमा छोरीलाई न्याय दिलाउन ज्याला मजदूरीको काम पनि छुटेको र आर्थिक समस्यासँग जुध्नुपरेको छ। कलमोद्दीनले न्याय पाउन महँगो भएको गुनासो गरेका छन्। उनले थुनछेकमैं पौने दुई वर्ष बितेको र मुद्दाको छिनोफानो हुन अझ कति समय लाग्ने भनेर विस्मात गरेका छन्। उनले सर्वोच्चमा माघ २७ गते थुनछेकको पेसी रहेको बताए।

जिल्ला अदालत, उच्च अदालत र अब सर्वोच्चमा धाउँदाधाउँदै थाकेको तर न्याय नपाएको कलमोद्दीन बताउँछन्। आफू छोरीलाई न्याय दिलाउन लागिपर्दा बाँचेकाहरूको गुजरबसरमा समस्या आइपरेको र त्यसले आफूलाई कमजोर बनाएको उनी बताउँछन्। न्याय पाउन गाऱ्हो भएको उनको बुझाइ छ।

### आठ विकास ...

रु २३ लाख १४ हजार ४९३ जरिवाना तिराइएको छ। त्यस्तै, सिन्धु विकास बैंकलाई साउनमा रु एक लाख २६ हजार ३८४ र भदौमा रु १६ लाख ९९ हजार १५१ बराबर हर्जाना कायम गरिएको राष्ट्र बैंकले जनाएको छ। नारायणी डेभलपमेन्ट बैंकलाई साउनमा रु चार लाख ६३ हजार ७९४ र भदौमा रु पाँच लाख १६ हजार ३०७ बराबर जरिवाना तोकिएको छ भने सप्तकोशी डेभलपमेन्ट बैंकलाई साउनमा रु २१ लाख ८० हजार ६६३ र भदौमा रु २८ लाख ९७ हजार ३५४ बराबर जरिवाना तोकिएको छ।

त्यसैगरी, वित्त कम्पनीतर्फ नेपाल फाइनान्स लिमिटेड, जानकी फाइनान्स कम्पनी लिमिटेड र समृद्धि फाइनान्स कम्पनी लिमिटेडले पनि सिडी रेसियो कायम गर्न नसक्दा हर्जाना तिर्नुपर्ने भएको छ। नेपाल फाइनान्सलाई पहिलोपटक रु १९ हजार ३३० र दोस्रोपटक रु एक लाख ६५ हजार ५८४ बराबर हर्जाना कायम गरिएको छ।

त्यस्तै, जानकी फाइनान्स कम्पनीलाई पहिलोपटक रु छ लाख ५५ हजार १९३ र दोस्रोपटक रु छ लाख ३९ हजार ७९९ तिराइएको छ। समृद्धि फाइनान्स कम्पनीले पनि कर्जा निक्षेप अनुपात पुऱ्याउन नसक्दा रु ८० हजार ४७४ बराबर हर्जाना तिर्नुपरेको छ। अनिवार्य मौज्दात कायम नगर्ने प्रोग्रेसिभ फाइनान्स लिमिटेडलाई रु २३ हजार १८८ हर्जाना तिराइएको छ।